'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४१ ★ ने. सं. ११४६ ञला थ्व, दशमी ★ सोमबार ★ ५ असोज, २०८३ ★ September 21, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## "देश र जनताको अहित हुने नीतिविरुद्ध सङ्घर्ष चालु राख्नुपर्छ"




भक्तपुर, ४ असोज । नेपाल क्रान्तिकारी युवा सङ्घको ३६ औं स्थापना दिवसको अवसरमा आयोजित राष्ट्रिय भेलाको दोस्रो दिन असोज ४ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्रद्धेय नारायणमान बिजुक्छें (रोहित) ले सरकारमा जानु महत्त्वपूर्ण होइन सरकारमा पुगेपछि के-के गर्ने पहिले थाहा पाउनुपर्ने धारणा व्यक्त गर्दै निर्वाचन घोषणापत्रमा उल्लेख भएको एजेन्डा र पार्टीको विधानअनुसार चल्नुपर्ने बताउनुभयो ।

नेमकिपाले विगतमा रातो पासपोर्ट दुरूपयोगको विरोध गरेको, संसद् सदस्यलाई प्राडोपजेरो सुविधा दिने कुरोको विरोध गरेको, सुन तस्करीको आरोपमा जेल परेको व्यक्तिलाई चुनावमा उठाउन नहुने, संसद् सदस्यलाई पेन्सनको व्यवस्था गर्नु गलत भएको उल्लेख गर्दै देश र जनताको अहित हुने नीतिविरुद्ध सङ्घर्ष चालू राख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सरकारको आइतबार बिदा दिने व्यवस्थाले विद्यार्थी र अभिभावकलाई मार परेको हुँदा शिक्षकहरू सङ्गठित भई विरोध गर्नुपर्ने तर पैसाको निम्ति चुप लागेर बस्दा नयाँ पुस्ताको भविष्य अन्यौल देखिएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

युरोप र रूसमा सबभन्दा बढ्ता युद्ध र आन्दोलनबारे जानकारी भएको कम्युनिस्ट पार्टी लेनिन नेतृत्वको बोल्शेभिक पार्टी भएको स्पष्ट पार्दै उहाँले युवालाई लडाइँ लड्न तालिमको व्यवस्था आवश्यक हुने पेरिस कम्युनले सिकाएको बताउनुभयो । उहाँले भन्नुभयो, "पेरिस कम्युनको असफलताको कारण व्यापक जनता सचेत र सङ्गठित हुन नसक्नु हो । मजदुर नेताको विरुद्ध शत्रुले किसानलाई उचाल्नु हो ।" क्युवाली क्रान्तिमा युवाहरूको सक्रिय भूमिका रहेको स्पष्ट पार्दै उहाँले जेनजी उपद्रवमा सेना निष्क्रिय हुँदा देशमा विदेशीले चल्ने ठाउँ पाएको स्पष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "नेमकिपाको उद्देश्य नि:स्वार्थ रूपमा देश र जनताको सेवा गर्नु हो ।" हरेक कुरोमा वैज्ञानिक र व्यावहारिक पक्ष हेर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

पारदर्शिताको कारण भक्तपुर देशभरिको लागि आदर्श बनेको उल्लेख गर्दै अध्यक्ष रोहितले देशका अन्य ठाउँमा भ्रष्टाचारकै कारण स्थिति डामाडोल रहेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले सङ्गठन र व्यवहारबारे बताउँदै व्यापक जनतालाई सचेत र सङ्गठित बनाउने काममा युवाहरू अनुशासित भई लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो । इतिहासमा तल्लो तहका जनताले गरेको योगदान भुल्न नहुने उल्लेख गर्दै उहाँले आलोचनात्मक दृष्टिकोणको विकास गर्नुपर्ने आवश्यकताबारे प्रकाश पार्नुभयो । भूमण्डलीकरणको अवधारणा आएपछि वर्गसङ्घर्षको काम छैन भन्नु गलत भएको टिप्पणी गर्दै उहाँले उद्योग

बाँकी पृष्ठ २ मा

## ख्वप आदर निकेतन उद्घाटन, ज्येष्ठ नागरिकको सम्मान र सुरक्षित जीवनयापनमा जोड



भक्तपुर, ४ असोज । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भक्तपुर नगरपालिका-६, अँचा पुखु परिसरमा ज्येष्ठ नागरिकहरूको हेरचाह तथा संरक्षणका लागि स्थापना गरिएको ख्वप आदर निकेतनको आइतबार उद्घाटन भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले एक कार्यक्रमबिच रिबन काटेर ख्वप आदर निकेतनको उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा उहाँले ज्येष्ठ नागरिकको हेरचाह, सम्मान र मानसिक स्वास्थ्यका लागि यस्तो सेवा महत्त्वपूर्ण रहेको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले ज्येष्ठ नागरिकहरूमा उमेर बढ्दै जाँदा स्मरणशक्ति कमजोर हुँदै जाने भएकोले उनीहरूलाई विशेष हेरचाह आवश्यक रहेको बताउनुभयो । ज्येष्ठ नागरिकलाई एक्लै राख्न नहुने उल्लेख गर्दै उहाँले उचित हेरचाह र सामाजिक वातावरण प्रदान गर्न सके उनीहरूको आयु तथा जीवनको गुणस्तरमा सकारात्मक प्रभाव पर्ने धारणा राख्नुभयो ।

लामो समयदेखि आदर निकेतन सञ्चालन गर्ने उद्देश्य रहेको र आज आएर उक्त उद्देश्य पूरा भएको उल्लेख गर्दै बिजुक्छेँले ज्येष्ठ नागरिकको सम्मानजनक जीवनयापनका लागि जोड दिनुपर्ने बताउनुभयो ।

घरमा हेरचाह गर्ने कोही नभएका ज्येष्ठ नागरिकका लागि स्थानीय तहले ज्येष्ठ नागरिक हेरचाह केन्द्र स्थापना गरी निरन्तर सेवा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

बालबालिकाको हेरचाहका लागि विद्यालय, किन्डरगार्डेन तथा शिशु स्याहार केन्द्रहरू धेरै रहे पनि ज्येष्ठ नागरिकको संरक्षण र हेरचाहका लागि आवश्यक केन्द्र स्थापना गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।

ज्येष्ठ नागरिकलाई सहारा र सम्मानसहितको सेवा उपलब्ध गराउन वडा तहबाटै प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ थियो ।

देशभक्तिको भावना विकास गर्दै देशका लागि समर्पित हुने युवाको आवश्यकता रहेको बताउँदै निर्वाचित जनप्रतिनिधिहरूले जनताका सबै समस्या सम्बोधन गर्न सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले नयाँ सरकारले आइतबार बिदा दिने निर्णयका कारण बालबालिकाको शैक्षिक स्तर खस्किएको बताउँदै सरकारको भरमा मात्र पर्न नहुने धारणा राख्नुभयो । भक्तपुरका संरचनाहरू जनताकै सहभागितामा निर्माण गर्नुपर्नेमा जोड दिँदै उहाँले स्थानीय विकास र सामाजिक संरचना संरक्षणमा जनताको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा भक्तपुरमा भएको आगजनीमा भक्तपुरकै युवाहरूको संलग्नता रहेको बताउँदै उहाँले राजनीतिक चेतनाको अभावका कारण यस्तो अवस्था सिर्जना भएको बताउनुभयो । टोलटोलमा सङ्गठन बलियो बनाउन नसके संरचना जोगाउन चुनौती हुने उल्लेख गर्दै उहाँले युवाहरूलाई राजनीतिक रूपमा सचेत बनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आदर निकेतनमा भर्ना भएका ज्येष्ठ नागरिकहरूलाई फूलमाला लगाएर स्वागत गर्नुभयो ।

बाँकी पृष्ठ २ मा

## देशको अवस्थाबारे उब्जेका प्रश्नहरू

- विश्लेषक गोपीलाल न्यौपानेले रास्वपाका अर्थमन्त्री स्वर्णिम वाग्ले नेकामा हुँदा देउवा र आरजुको गुलामी गरी अध्ययन र जागीरमा अवसर लिएको र अहिले रास्वपाबाट अर्थमन्त्री हुँदा ऋण नलिए देश नचल्ने भनी बोल्ने अहिलेसम्मकै 'थर्ड क्लास' अर्थमन्त्री भएको खुलासा गरे । सरकारले उठाएको कर कर्मचारीतन्त्र र सरकारी नेताहरूको लागि पाल्न मात्र उठाएको तथा अर्थमन्त्री वाग्लेको काठमाडौंको २-४ ठाउँमा घर भइसकेको न्यौपानेले खुलासा गरे । यतिबेला देशमा नेपाली जनताले गतिलो सरकार कहिले आउने भनी प्रश्न गर्दै छन् ।
- अघिल्ला सरकारको पालामा वैदेशिक रोजगारीमा पठाएका नेपालीलाई स्वदेशमा फर्काएर रोजगारी दिने भनी गत फागुन २१ गतेको चुनावमा धेरै स्थान पाएको रास्वपा सरकारले बिचौलियामार्फत खुलमखुला नेपाली महिलालाई भिजिट भिसामार्फत बेचिरहेको खबर पत्रकार राजेन्द्र बानियाँले खुलासा गरे । रास्वपाका अधिकांश सांसदहरू विदेशी आईएनजीओको डलर ल्याएर खाएका र कोही उद्योग-व्यापार र निजी अस्पताल एवम् रिसोर्टमा लगानी गर्ने हुँदा देशको यो स्थिति भएको त होइन ?

बाँकी पृष्ठ २ मा

## पुँजीवादी व्यवस्थाले जनताको हित नगर्ने

कैलाली, ४ असोज । नेक्रायुसङ्घ कैलालीको आयोजनामा ३६ औं स्थापना दिवसको अवसरमा भएको एक प्रशिक्षणात्मक कार्यक्रममा खगेन्द्रबहादुर शाहीले समाजवादी व्यवस्थाले मात्र देश र जनताको हित गर्ने भएकोले हरेक कार्यकर्ताले नि:स्वार्थ भावनाले काम गर्नुपर्ने आवश्यकताबारे जोड दिनुभयो ।

पुँजीवादी व्यवस्थाले जनताको हित नहुने स्पष्ट पार्दै उहाँले देशलाई विदेशीको इसारामा चल्ने शासक दलहरूप्रति सजग हुन युवाहरू राजनीतिक रूपमा सचेत हुन आवश्यक छ भन्नुभयो ।

रमेशकुमार रावतले राणाहरूको १०४ वर्षसम्म जनताले दु:ख कष्ट भोगेको, २००७ सालदेखि निरङ्कुश पञ्चायती व्यवस्थामा जनताले शान्तिको सास फेर्न नपाएको चर्चा गर्दै जनमतसङ्ग्रहमा नेमकिपाले बहुदलको पक्षमा प्रचार उपयोग गरेको स्पष्ट पार्नुभयो ।

२०४६ सालको आन्दोलनमा बहुदल पक्षमा प्रचार गरी समाजवादी आन्दोलनमा लागेको उल्लेख गर्दै उहाँले नेमकिपाले चुनावलाई उपयोग गरिरहेको बताउनुभयो ।

कार्यक्रममा गगन थापामगर, गुप्तबहादुर शाही, तारा तिरुवा, जानकी सिजापती लगायतले बोल्नुभयो । कार्यक्रममा सुनिता भण्डारीले पनि बोल्नुभएको थियो ।

### व्यङ्ग्यचित्र कुनो





**पुनर्निर्माण भइरहेको थन्थु दरबार**

भक्तपुर नगरपालिका-३ भक्तपुर दरबार स्क्वायरस्थित पुनर्निर्माण भइरहेको ऐतिहासिक थन्थु दरबार । वि.स. २०७२ सालको भूकम्पले क्षतिग्रस्त भएको यो दरबार पुरातत्त्व विभागसँग समन्वय गरेर भक्तपुर नगरपालिकाले पुरानो मल्लकालीन शैलीमा पुनर्निर्माण कार्य गरिरहेको छ । ३४६ वर्ष पुरानो बताइएको यो दरबार तत्कालीन राजा जितामित्र मल्लको पालामा बनेको हो । *तस्बिर : रेणु त्वानाबासु/रासस*

# रात्रिकालीन बस सेवा सञ्चालन गर्न उपत्यकाका नौ स्थानीय तह तयार

काठमाडौँ, ४ असोज । काठमाडौँ उपत्यकामा रात्रिकालीन बस सेवा सञ्चालन गर्न नौ स्थानीय तह एउटै कार्यक्रममा आबद्ध भएका छन् । काठमाडौँ महानगरपालिकाको नेतृत्वमा साझा यातायातसँग सहकार्य गरेर गत वैशाख १ गतेदेखि परीक्षणका रूपमा सञ्चालन गरिएको रात्रिकालीन यातायात सेवालाई विस्तार गरेर अगाडि बढाउन आवश्यकताका आधारमा दायित्व बहन गर्नेगरी स्थानीय तह साझा कार्यक्रममा आबद्ध भएका हुन् ।

रातको समयमा आवतजावत गर्ने सर्वसाधारण, व्यवसायी, उद्यमी, श्रमिक, अस्पताल जाने बिरामी तथा आन्तरिक एवं बाह्य पर्यटकलाई सहज, सुरक्षित र भरपर्दो यातायात सेवा उपलब्ध गराउने यसको उद्देश्यसहित संविधान दिवसको दिन पारेर स्थानीय तहका प्रमुखहरूले साझा यातायातसँग समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ ।

काठमाडौँ महानगरपालिका र ललितपुर महानगरपालिका तथा बुढानिलकण्ठ नगरपालिका, गोदावरी नगरपालिका, चन्द्रागिरी नगरपालिका, कीर्तिपुर नगरपालिका, भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका र मध्यपुर थिमी नगरपालिकाले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । साझा यातायातको तर्फबाट अध्यक्ष शुशिलराज प्याकुरेलले हस्ताक्षर गर्नुभएको छ । साझा यातायातको कार्यालयमा आयोजना गरिएको समारोहमा हस्ताक्षर गरिएको हो । त्यसलगत्तै छ वटा रुटका लागि ३० वटा बस सञ्चालन थालिएको थियो ।

समारोहमा काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले संविधानले नागरिकका लागि प्रत्याभूत गरेका आधारभूत आवश्यकताको पहुँच बढाउँदै जाने क्रममा रात्रिकालीन बस सेवालाई थप विकास र विस्तार गर्दै लगिएको बताउनुभयो । उहाँले भन्नुभयो, "परीक्षण कालमा अभ्यास गरिएको दुई वटा रुटमा चार वटा थपेका छौँ । सात वडा गाडीलाई ३० वटा पुऱ्याएका छौँ । चार वटा नगरपालिकाको सहकार्यमा नौ वटा पुगेका छौँ । यसलाई अझ विस्तार गर्ने र आवश्यकताका आधारमा आर्थिक दायित्व पनि वहन गर्ने गरी सहकार्य थालेका छौँ । अब यो सेवा रोकिँदैन । निरन्तर र दिगो रूपमा चल्छ ।"

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले भन्नुभयो, "उपत्यकावासीको यातायात सहजताका लागि सङ्घ सरकारबाट मेट्रो सञ्चालन गर्ने विषयमा योजना ल्याउनुपर्ने थियो । त्यो अहिले आएको देखिएन । मेट्रो नभएपछि बीआरटी (बस र्‍यापिड ट्रान्जिट) हुनुपर्थ्यो । त्यसको पनि केही सङ्केत छैन । सङ्घीय सरकारबाट केही आएन भनेर हामीले चुप लाग्ने अवस्था छैन । यसकारण स्थानीयस्तरमा सञ्चालनमा ल्याउन सकिने प्रणालीमा सहकार्य थालेका छौँ । यसलाई विकास र विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिनेछौँ ।"

सर्वसाधारणले रातको समयमा सुरक्षित आवतजावत गर्ने एउटा भरपर्दो सेवा सुरु भएको बताउँदै उहाँले यो नागरिकसँग जोडिएको ठुलो उपलब्धिका रूपमा रहेको उल्लेख गर्नुभयो ।

साझाका अध्यक्ष प्याकुरेलले भन्नुभयो, "साझाले स्थानीय तहलाई अभिभावक बनाउन पाउनु हाम्रो इतिहासका लागि पनि ठुलो उपलब्धि हो ।" विस्तारित सेवाअन्तर्गत जगाती-सूर्यविनायक हुँदै ठमेलसम्म छ, साबिक लगनखेल-बुढानिलकण्ठलाई विस्तार गरी गोदावरीसम्म छ, रिङरोडमा घडीको दिशामा र विपरीत दिशामा आठ, कीर्तिपुर-जमलमा चार, टाखेल-ठमेलमा दुई तथा साबिक नागढुङ्गा-एयरपोर्ट रुटमा चार वटा बस सञ्चालन गरिनेछ ।

यसअघि लगनखेलबाट बुढानीलकण्ठ तथा नागढुङ्गाबाट एयरपोर्टसम्म राति ८:०० बजेदेखि ११:०० बजेसम्म सात वटा बसमार्फत नमुना सेवा सञ्चालन गरिएको थियो । सेवाको प्रभाव तथा मूल्याङ्कन, लाभलागत विश्लेषणका आधारमा नाफाघाटाभन्दा सेवा ठुलो विषय भएको निष्कर्ष निकालिएको थियो ।

रात्रिकालीन बस सञ्चालनमा लाग्ने खर्च यात्रुबाट प्राप्त हुने टिकट आम्दानीले धान्न नसकेमा त्यसबाट अपुग हुने रकमको ५० प्रतिशत सम्बन्धित सात वटा नगरपालिकाले समान रूपमा ब्यहोर्ने र बाँकी ५० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको जनसङ्ख्याका आधारमा काठमाडौँ महानगरपालिकाले १८ दशमलव ५५ प्रतिशत, ललितपुर महानगरपालिकाले १८ दशमलव ५५ प्रतिशत तथा अन्य सात नगरपालिकाले नौ प्रतिशतका दरले ब्यहोर्ने सहमति गरिएको छ । सेवा सञ्चालन गर्न खर्च नपुग भए साझा यातायातले त्रैमासिक रूपमा माग गर्ने सहमतिमा उल्लेख छ ।

रुटमा यात्रु चढ्ने तथा ओर्लने स्थान सम्बन्धित नगरपालिकाले निर्धारण गर्नेछन् । ती स्थानमा आर्थिक वर्ष २०८३/८४ भित्र डिजिटल साइनेज बोर्ड जडान गरी डिजिटल बस स्टप निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी साझा यातायातलाई दिइएको छ । सम्बन्धित नगरपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछन् ।

निर्धारित रुटको अन्तिम बिन्दुमा बस चार्जिङ स्टेसन निर्माणका लागि सम्बन्धित नगरपालिकाले आवश्यक जग्गा उपलब्ध गराउने र साझा यातायातले चार्जिङ स्टेसन जडान गर्ने दायित्व लिनेछ । चार्जिङ स्टेसनको सुरक्षाको जिम्मेवारी सम्बन्धित नगरपालिकाले लिनेछन् ।

सहमतिले यात्रुको चाप र आवश्यकता बढ्दै गएमा भविष्यमा अन्य क्षेत्रमा समेत यस प्रकारको बस सेवा विस्तार गर्ने बाटो खुला गरेको छ । चक्रपथमा यातायात सेवा प्राप्त भएपछि एक ठाउँमा बस परिवर्तन गर्दा सञ्चालन गरेका हरेक ठाउँमा पुग्न सकिनेछ । यसरी यात्रा गर्दा अधिकतम ८० रुपियाँ भाडा लाग्नेछ ।

टिकटबाट हुने आर्थिक चुहावट रोक्न साझाले यही असोज १ गतेदेखि डिजिटल टिकेटिङ प्रणाली विकास गरेको छ । यसमा क्यूआरबाट वा क्यास नै दिएर पनि टिकट लिन सकिनेछ । आर्थिक चुवावट रोकिएपछि साझाको घाटा रकम कम हुने अपेक्षा छ । साझा यातायातमा नेपाल सरकारको रु. तीन अर्ब, काठमाडौँ महानगरपालिकाको रु. १५ करोड शेयर लगानी छ । अहिले साझा यातायातमा १११ वटा बस छन् ।

# जेँला दाफा भजनको छैटौँ साधारणसभा सम्पन्न




भक्तपुर, ४ असोज । जेँला दाफा भजन संस्थाको छैटौँ वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशन एवम् दाफा भजन प्रशिक्षणको प्रमाणपत्र वितरण तथा सम्मान कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा भनपाका प्रमुख सुनिल प्रजापतिले भाषा, कला तथा संस्कृति हाम्रो पहिचान भएकोले त्यसको संरक्षण र संवर्द्धनमा युवावर्गको सहभागिता देखिनु राम्रो लक्षण भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "धाँ र धिमयको साथै लालाखिं तथा दाफा भजनजस्तो परम्परागत तथा शास्त्रीय वाद्यवादनमा युवावर्गले चासो दिएको हुँदा सोको संरक्षण हुने कुरामा विश्वस्त छु ।"

भक्तपुर नगरपालिकाले स्थानीय भाषा, कला तथा संस्कृतिको जगेर्नामा विभिन्न किसिमले सहयोग गर्दै आएको स्मरण गर्दै प्रमुख प्रजापतिले यस कार्यलाई निरन्तरता दिँदै जाने बताउनुभयो ।

संस्थाका अध्यक्ष महेन्द्र खायमलीको अध्यक्षतामा सम्पन्न उक्त साधारणसभामा भनपा-८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु, संस्थाका सचिव हरिसुन्दर पोतामाहाँ, प्रशिक्षकद्वय कृष्णराम त्योछिन तथा विष्णुभक्त भैनात्व, प्रशिक्षार्थीहरू युविषा गाइँजू र रमण खायमलीलगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा लालाखिं तथा दाफाभजन गायनका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र तथा दाफा भजन गायनका प्रशिक्षकद्वय रत्नभक्त न्हेम्हाफुकी र कृष्णराम त्योछिन तथा लालाखिंका प्रशिक्षकद्वय विष्णुभक्त भैनात्व र हरिसुन्दर पोतामाहाँलाई कदरपत्र वितरण गरिएको थियो ।

कार्यक्रमपश्चात् सम्पन्न बन्दसत्रबाट महेन्द्र खायमलीकै अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति गठन गरिएको छ ।

***खप....***

उहाँले आदर निकेतनमा पोषणविज्ञको सल्लाहअनुसार खाना खुवाउने, टेलिभिजन, परम्परागत खेल, भजन-कीर्तनलगायतका गतिविधि सञ्चालन गरिने जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिका अनुसार आदर निकेतनमा शुद्ध पिउने पानी, नर्सिङ स्टेसन तथा स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ र आदर निकेतनको सेवा नगरपालिकाका अन्य वडाहरूमा समेत विस्तार गर्दै लैजाने योजना रहेको छ ।

"जनताको साथ र सहयोगबाट जुनसुकै काम पनि सफल हुन्छ भन्ने उदाहरण भक्तपुर नगरपालिकाले प्रस्तुत गरिरहेको छ," उहाँले भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले ख्वप आदर निकेतन निर्माणमा जनताको जनश्रमदानसमेत रहेको उल्लेख गर्दै यसलाई महत्त्वपूर्ण कार्यका रूपमा लिनुपर्ने बताउनुभयो । उहाँले स्थानीय सरकारले जनताको सेवा गर्न सक्ने कामहरूको उदाहरण भक्तपुर नगरपालिकाले प्रस्तुत गरिरहेको धारणा राख्नुभयो ।

सांसद गोसाईंले महिला तथा ज्येष्ठ नागरिकलाई सम्मान गर्ने संस्कारको विकास हुनुपर्ने बताउँदै बालबालिका र ज्येष्ठ नागरिकलाई एकअर्कासँग घुलमिल हुने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । बालबालिका र ज्येष्ठ नागरिकलाई सँगै राख्दा मानसिक विकासमा सहयोग पुग्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जन्मदेखि मृत्युसम्मका संस्कार तथा सामाजिक आवश्यकतासँग जोडिएको विषयमा स्थानीय सरकारले जिम्मेवारी लिने नीति नगरपालिकाले अपनाएको जानकारी दिनुभयो ।

ज्येष्ठ नागरिकको स्वास्थ्यको ख्याल गर्न, सम्मानित र सुरक्षित जीवनयापन सुनिश्चित गर्न आदर निकेतन सञ्चालनमा ल्याइएको उल्लेख गर्दै उपप्रमुख जोशीले सामाजिक आवश्यकता परिपूर्ति गर्न नगरपालिका निरन्तर लागिरहेको बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले भक्तपुर नगरपालिकाले नगरको समग्र विकासका लागि गर्दै आएको काम प्रशंसनीय रहेको बताउनुभयो । उहाँले आदर निकेतनलाई ज्येष्ठ नागरिकहरू खुसीसाथ बस्न सक्ने वातावरणको रूपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

बदलिँदो सामाजिक परिवेशमा बालबालिका र ज्येष्ठ नागरिकहरू एक्लिँदै गएको उल्लेख गर्दै डा. मल्लले ख्वप अस्पतालले ज्येष्ठ श्वासप्रश्वास पुन:स्थापना केन्द्र सञ्चालन गरिरहेको जानकारी दिँदै अस्पतालमा एमआरआई खरिद प्रक्रिया सुरु भइसकेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले परिवारमा हेरचाह गर्ने कोही नभएका ज्येष्ठ नागरिकहरूको संरक्षण तथा हेरचाहका लागि ख्वप आदर निकेतन आवश्यक रहेको बताउनुभयो । उहाँले आदर निकेतनमा भजन, मनोरञ्जन तथा बौद्धिक गतिविधिसँग साक्षात्कार गराउनेलगायतका कार्यक्रम सञ्चालन हुने बताउनुभयो ।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले ख्वप आदर निकेतनमा भर्ना हुनका लागि हालसम्म २० जना ज्येष्ठ नागरिकले नाम दर्ता गरिसकेको जानकारी दिनुभयो । उहाँका अनुसार आदर निकेतनको सेवा छिट्टै औपचारिक रूपमा सञ्चालनमा आउनेछ ।

आदर निकेतनमार्फत ज्येष्ठ नागरिकलाई सुरक्षित वातावरण, आवश्यक हेरचाह, स्वास्थ्य सेवा तथा सामाजिक सहभागिताको अवसर प्रदान गर्ने लक्ष्य राखिएको छ ।

***देश...***

कारखानामा शोषण रहुञ्जेल मजदुर सङ्घर्ष भइरहने धारणा व्यक्त गर्नुभयो ।

नेक्रायुसङ्घका पूर्वअध्यक्ष प्रकाश थुसाले ल्याटिन अमेरिकाको भूराजनीतिबारे बताउँदै सं.रा. अमेरिकी साम्राज्यवादले भेनेजुयलाका जननिर्वाचित राष्ट्रपति मादुरो दम्पतीलाई उहाँको निवासबाटै गिरफ्तार गरी लगिएकोमा निन्दा गर्दै ल्याटिन अमेरिका र मध्यपूर्वमा शान्ति भङ्ग गर्ने काम अमेरिकी हस्तक्षेपको कारण भएको उल्लेख गर्नुभयो । चीनले कुनै पनि देशको सार्वभौमिकता र स्वाधीनतामाथि हस्तक्षेप गर्दैन, अमेरिकाले विश्वमा व्यापार गर्न मिल्ने तर चीनले ल्याटिन अमेरिकी देशसित व्यापार गर्दा अमेरिकाको टाउको दुखाइ भइरहेको बताउनुभयो ।

नेक्रायुसङ्घका रमेश बैद्यले रङ्गिन क्रान्तिबारे स्पष्ट धारणा राख्दै अमेरिकाले बिनायुद्ध सार्वभौम देशको स्रोत साधन कब्जा गर्दै आएको हुनाले साम्राज्यवादविरूद्ध आवाज बुलन्द गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ केन्द्रीय समितिका अध्यक्ष मिनबहादुर बाटाको सभापतित्वमा भएको उक्त भेलामा विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरूले आ-आफ्नो प्रतिवेदन वाचन गर्नुभएको थियो । सुर्खेतका रणबहादुर राजा, चितवनका ज्ञानेन्द्र प्रजा, काठमाडौँका रमेश डंगोल, काभ्रेका ओमप्रसाद मानन्धर, सर्लाहीका दिनेश कापर, उदयपुरका पूर्ण बुढाथोकी, जुम्लाका बमबहादुर शाहीलगायतले प्रतिवेदन प्रस्तुत गर्नुभयो । अन्तरक्रियात्मक छलफलमा सहभागी युवाहरू लालबहादुर थापा, इन्द्र, शान्त महर्जन, आर. एन. श्रेष्ठ, पञ्चलक्ष्मी नेपाल, रुकेश कर्माचार्यलगायतले राखेका विभिन्न जिज्ञासाबारे नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले स्पष्ट पार्नुभयो ।

***देशको....***

● रास्वपाका अर्थमन्त्री वाग्लेको भारत भ्रमणको दुईपक्षीय वार्तामा नेपालको झन्डा नराखिएको र मन्त्री वाग्लेतर्फ पनि भारतीय झन्डा नै राखिएकोलाई नेपाली विश्लेषकहरूले रास्वपा सरकारको कूटनीतिक असफलता बताए । के यसअघि वाग्ले सांसद हुँदा उनले संसद्मा दक्षिण एसियामा 'मोदी डक्ट्रिन' स्वाभाविक हुने टिप्पणी गरेको दिल्लीको यो वार्तामा नेपालको झन्डा हटाउनको लागि हो ? के रास्वपामा हुँदा भारतीय राजदूतको भेटमा प्रधानमन्त्री पाउन नेपाललाई 'सिक्किम' वा भारतको प्रदेशजस्तै बनाउने प्रस्ताव रास्वपाले गरेको मुकुल ढकालको खुलासाको सिलसिला पनि यही हो ?

सङ्क्षिप्त समाचार

## वडाव्यापी फुटसल प्रतियोगिता चालू

भक्तपुर, ४ असोज । भक्तपुर नगरपालिका वडा नं. १ वडाव्यापी भइरहेको फुटसल प्रतियोगिताअन्तर्गतका लिग खेलहरू आइतबार पनि जारी रह्यो । आइतबार भएको प्रतियोगिताअनुसार समूह 'ए' बाट अक्सफोर्ड प्राक्टिल स्कूल र राजर्षि गुरूकुल तथा समूह 'बी' बाट गणेश माध्यमिक विद्यालय र सूर्यविनायक सेकेन्डरी स्कूल सेमिफाइनमा पुग्न सफल भएका छन् ।

आयोजकका अनुसार सोमबार बिहान ८:३० बजे सेमिफाइनल खेलहरू र सोही दिनको १:०० बजे फाइनल खेलहरू हुनेछन् ।

सेमिफाइनलको खेलमा अक्सफोर्ड प्राक्टिकल स्कूलविरूद्ध सूर्यविनायक सेकेन्डरी स्कूल र गणेश माध्यमिक विद्यालयविरूद्ध राजर्षि गुरूकुलबिच प्रतिस्पर्धा हुनेछ ।

## वीरगञ्ज भन्सारबाट भदौमा २३ अर्ब ४६ करोड राजस्व सङ्कलन

वीरगञ्ज (पर्सा), ४ असोज । वीरगञ्ज भन्सार कार्यालयले पछिल्लो एक महिनामा रु. २३ अर्ब ४६ करोड राजस्व सङ्कलन गरेको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आव २०८३/८४ को भदौमा रु. २३ अर्ब ४६ करोड १५ लाख राजस्व सङ्कलन भएको हो । यो कार्यालयलाई दिइएको मासिक लक्ष्यको ९९.७५ प्रतिशत हो ।

भदौ मसान्तसम्मको सङ्कलनसँगै चालु आर्थिक वर्षको वार्षिक राजस्व लक्ष्यको १४.५२ प्रतिशत पूरा भएको भन्सार कार्यालयका प्रमुख भन्सार कार्यालयका प्रवक्ता पूर्णप्रसाद लम्सालले जानकारी दिनुभयो ।

मूल्य तथा राजस्व योगदानका आधारमा बिस्कुट, दलहन, कपडा तथा लत्ताकपडा, औद्योगिक कच्चा पदार्थ र खाद्यान्न प्रमुख आयातित वस्तु रहेको भन्सार कार्यालयले जनाएको छ । *(रासस)*

## इन्द्रायणी सहकारीद्वारा ज्येष्ठ नागरिकहरूको एकदिने भ्रमण



भक्तपुर, ४ असोज । इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको महिला उपसमितिको आयोजनामा ज्येष्ठ नागरिक सदस्यहरूको लागि आयोजित एकदिने भ्रमण कार्यक्रम सम्पन्न भयो ।

आर्थिक गतिविधिका साथै सामाजिक तथा सांस्कृतिक कार्यहरूलाई समेत प्राथमिकता दिँदै आएको सो संस्थाले ललितपुरका ऐतिहासिक सम्पदा स्थलहरूको भ्रमणको आयोजना गरेको हो ।

भ्रमण टोलीले ललितपुरस्थित टीकाभैरव, सरस्वतीकुण्ड, सन्तानेश्वर महादेव मन्दिर र बज्रबाराही मन्दिरको दर्शन तथा अवलोकन गरेको थियो ।

९० जना ज्येष्ठ नागरिक सदस्यहरूको सहभागिता रहेको सो भ्रमणमा सदस्यहरूको लागि संस्थाले खाजा तथा खानाको व्यवस्था मिलाएको थियो ।

कार्यक्रमले सदस्यहरूबिच आपसी सद्भाव र मेलमिलाप बढाउन महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ । महिला उपसमितिको सक्रिय सहभागितामा ज्येष्ठ नागरिकहरु युवास्थामा भैंँ आफैं विभिन्न स्थानमा पर्यटन भ्रमण गर्न कठिनाई हुने भएकोले संस्थाले ज्येष्ठ सदस्य भ्रमण आयोजना गरेको हो ।

## जुम्लामा डीएनए परीक्षणका लागि नमुना सङ्कलन

जुम्ला, ४ असोज । रसुवाको भोटेकोसी बाढीमा परी बेपत्ता भएका जुम्लाका नागरिकको पहिचानका लागि आफन्तको डिएनए परीक्षणको नमुना सङ्कलन गरिएको छ । जिल्लाको पातारासी गाउँपालिकाका ३३ र गुठीचौरका छ जनाको डिएनए परीक्षणको नमुना सङ्कलनगरी ललितपुरमा रहेको राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं प्रवक्ता शालिकराम खनालले जानकारी दिनुभयो ।

जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका सूचना अधिकारी प्रेमबहादुर सोमइका अनुसार कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका स्वास्थ्यकर्मीको सहकार्यमा पातारासी र गुठीचौरका प्राप्त आफन्तको रगतको नमुनामध्ये ३९ वटाको डिएनए परीक्षण भइसकेको छ । बाँकीको नमुना सङ्कलन काठमाडौँमा भएको जानकारीमा आएको उहाँले बताउनुभयो । नमुनाको 'प्रोफाइल' निकालेर डिएनए मिलान गरेपछि परिवारलाई शव हस्तान्तरण गरिने छ ।

जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कअनुसार बाढीमा परेर जिल्लाका ९३ जना सम्पर्कविहीन भएकामा हालसम्म ३० जना सम्पर्कमा आएका छन् । बाँकी ६३ जना अझै सम्पर्कविहीन रहेको प्रशासनले जनाएको छ । *(रासस)*



**सुनसान फेवाताल :** पर्यटन राजधानी पोखराको मुख्य गन्तव्य फेवातालको बाराहीघाटमा पर्यटक कुरेर बसेका डुङ्गा चालक । पर्यटक आगमन कम हुँदा यति बेला फेवाताल सुनसान छ । *तस्बिर : कृष्ण दवाडी /रासस*

# बाढी प्रभावितलाई हैजाविरुद्धको खोप उपलब्ध

त्रिशूली (नुवाकोट), ४ असोज । नुवाकोटका बाढी प्रभावित क्षेत्रमा हैजा तथा पानीजन्य रोगको जोखिम न्यूनीकरण गर्न सञ्चालन गरिएको हैजाविरुद्धको मुखबाट खुवाइने खोप अभियानअन्तर्गत ५० हजार भन्दा बढीले औषधि सेवन गरेका छन् ।

भोटेकोसी हुँदै त्रिशूली नदीमा गएको बाढीपछि खानेपानी तथा सरसफाइमा चुनौती थपिएसँगै बाढी प्रभावित क्षेत्रमा हैजा फैलिन सक्ने जोखिमलाई मध्यनजर गर्दै इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा सञ्चालन गरिएको खोप कार्यक्रममा ५० हजार ४६७ जनाको सहभागिता रहेको जनस्वास्थ्य कार्यालय नुवाकोटले जनाएको छ ।

कार्यलयका प्रमुख तथा जनस्वास्थ्य प्रशासक डा. अञ्जु कार्कीका अनुसार बाढीबाट प्रभावित नुवाकोटका चार स्थानीय तह विदुर र बेलकोटगढी नगरपालिका तथा किस्पाङ र तारकेश्वर गाउँपालिकामा बसोबाँस गर्दै आएका ७७ हजारभन्दा बढी बासिन्दालाई खोप खुवाउने लक्ष्य राखिएको छ । अभियानअन्तर्गत हालसम्म ५० हजारभन्दा बढीले खोप सेवन गरिसकेको उहाँले जानकारी दिनुभयो ।

"सुरक्षित खानेपानी तथा सरसफाइको चुनौतीका कारण हैजालगायतका महामारी फैलिन नदिन खोप कार्यक्रमलाई अभियानका रूपमा सञ्चालनमा ल्याएका छौँ", डा. कार्कीले भन्नुभयो, "हैजा तथा अन्य पानीजन्य रोगको जोखिमबाट बच्न खोपसँगै सुरक्षित पानीको प्रयोग, साबुनपानीले हात धुने तथा व्यक्तिगत र वातावरणीय सरसफाइमा विशेष ध्यान दिन आग्रह गरिएको छ ।"

बाढीका कारण नुवाकोट र रसुवाका विभिन्न स्थानमा मानवीय तथा पशुचौपायाको क्षति हुनुका साथै ठूलो सङ्ख्यामा मानिस विस्थापित भएका छन् । बाढी प्रभावित तथा विस्थापितलाई विभिन्न स्थानमा स्थापना गरिएका 'होल्डिङ सेन्टर' मा राखिएको अवस्थामा खानेपानी तथा सरसफाइको अवस्था चुनौतीपूर्ण बनेकाले हैजाजन्य रोगको जोखिम बढेको स्वास्थ्यकर्मीले बताएका छन् ।

बाढी प्रभावित क्षेत्रमा प्रयोग गरिएको पानीमा ई-कोलाई अर्थात् दिसाजन्य प्रदूषणको सूचक जीवाणु भेटिएपछि पानीजन्य रोगको जोखिम थप बढेको जनस्वास्थ्य कार्यालयले जनाएको छ । सोही कारण जोखिमयुक्त क्षेत्रमा रोगको प्रकोप नियन्त्रण तथा रोकथामका लागि आपत्कालीन रूपमा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिएको हो ।

जनस्वास्थ्य कार्यालयका अनुसार जन्मेको एक वर्ष पूरा भएका सबै व्यक्तिलाई खोप उपलब्ध गराउने व्यवस्था गरिएको छ । खोप सुरक्षित र प्रभावकारी रहेकाले लक्षित सबैलाई निर्धक्क भएर खोप सेवन गर्न कार्यालयले अनुरोध गरेको छ ।

हैजाको सङ्क्रमण हुँदा कडा किसिमको जलवियोजन (डि-हाइड्रेसन) भएर ज्यानसमेत जान सक्ने भएकाले बाढी प्रभावित क्षेत्रमा सरकारले विशेष अभियानका रूपमा खोप कार्यक्रम सञ्चालन गरेको हो । उक्त खोप बाढी प्रभावित क्षेत्रका स्वास्थ्य संस्था र सबै होल्डिङ सेन्टरमा नि:शुल्क उपलब्ध गराइएको छ ।

जनस्वास्थ्य कार्यालयले अभियानलाई लक्ष्यअनुसार प्रभावकारी बनाउन सार्वजनिक बिदाका दिनसमेत खोप उपलब्ध गराउने व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ । कडा किसिमको भाडापखाला हैजामा परिणत हुनसक्ने भएकाले भाडापखालालगायतका लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा पुगेर जाँच तथा उपचार गराउन जनस्वास्थ्य प्रशासक डा. कार्कीले आग्रह गर्नुभयो ।

हैजाको जोखिम उच्च रहेको विदुरवासी ५९ हजार २५४ जनालाई खोप लगाउने लक्ष्य राखिएको छ । हालसम्म नगरपालिकाभित्र ४० हजार २९१ जनाले खोप लगाएको तथ्याङ्क रहेको स्वास्थ्य शाखाले जनाएको छ । विदुर नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख रामराजा भण्डारीले खोप लगाउन बाँकी रहेका बासिन्दालाई नजिकैको स्वास्थ्य सँस्थामा पुगेर खोप लगाउन आग्रह गर्नुभयो ।

"खोप कार्यक्रम सातै दिन सञ्चालन भइरहेको छ । नगरपालिकाका सबै स्वास्थ्य संस्थाका साथै बाढी प्रभावितलाई राखिएका होल्डिङ सेन्टरमा समेत खोप उपलब्ध गराइएको छ", उहाँले भन्नुभयो, "जोखिमलाई ध्यानमा राखेर लक्षित सबै नागरिकले खोप सेवन गर्नु अहिलेका लागि अत्यावश्यक रहेको छ ।"

गत भदौ १० को बाढीपश्चात् माहामारीजन्य रोगको सङ्क्रमण हुन र फैलन नदिन स्वास्थ्यकर्मीले खोप लगाएसँगै उमालेर वा शुद्धीकरण गरेर सुरक्षित पानी पिउने, साबुनपानीले नियमित हात धुने, खाना सफा राख्ने तथा घर, टोल र आसपासको वातावरण सफा राख्न आग्रह गरेका छन् । *(रासस)*

# मधेसमा आत्महत्याका घटना बढ्दै

जनकपुरधाम, ४ असोज । पछिल्लो समय मधेस प्रदेशका जिल्लामा आत्महत्या गर्ने प्रवृत्ति बढ्दै गएका छन् । प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनाको अवधिमा मधेसका विभिन्न जिल्लामा गरी २५० जनाले आत्महत्या गरेका छन् ।

अधिकांशले भुण्डिएर र विष सेवनलाई आत्महत्याको माध्यम बनाउँदै आएका प्रदेश प्रहरी कार्यालयले जनाएको छ । चालु आव २०८३/८४ को साउनमा ८८ र भदौमा १६२ गरी दुई महिनाको अवधिमा २५० जनाले आत्महत्या गरेका मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार सो अवधिमा सबैभन्दा बढी सिरहा र बारामा ४६/४६, सप्तरीमा ३९, रौतहटमा ३०, धनुषा र महोत्तरीमा २४/२४, सर्लाहीमा २१ र पर्सामा २० जनाले आत्महत्या गरेका छन् ।

यसरी अत्यधिक वृद्धि भएको आत्महत्याको ठोस कारण यकिन गर्न नसकेपनि घरायसी विवाद, प्रेममा असफलता, गरिबी, बेरोजगारी र जीवनको दुःखकष्ट सहन नसकेरलगायत रहेका बुद्धिजीवीहरू बताउँछन् । उमेरको हिसाबले १६ वर्ष मुनिदेखि ७० वर्षसम्मका वृद्धवृद्धाले आत्महत्या गर्दै आएका छन् । आत्महत्या गर्नेहरूमा १८ वर्षदेखि ४० वर्षबीचको सङ्ख्या बढी रहेको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले बताउनुभयो । त्यस्तै, पुरुषको तुलनामा महिलाले बढी आत्महत्या गर्ने गरेका उहाँको भनाइ छ ।

महिलामाथि हिंसा बढी हुने गरेकाले पनि पुरुषको तुलनामा बढी आत्महत्या गर्ने गरेका महिला अधिकारकर्मी सरस्वती मण्डलले बताउनुभयो । "आत्महत्या गर्नेमा सामान्य आर्थिक अवस्थाका व्यक्ति बढी छन् । यसपछि न्यून आय भएका व्यक्तिको संलग्नता पाइँदैन", उहाँले भन्नुभयो ।

अधिकांशले भुण्डिएर र विष खाएर आत्महत्या गर्ने गरेका भन्दै प्रहरी वरिष्ठ उपरीक्षक ढकालले केहीले हाम फालेर आत्महत्या गर्ने गरेका उल्लेख गर्नुभयो । यसरी सामान्य विवादमा पनि विष खाएर आत्महत्या गर्ने प्रवृत्ति समाजका लागि चुनौतीको विषय बनेको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ ।

स्थानीय बुद्धिजिवी एवं नागरिक समाजका अगुवा रामकुमार साहले भन्नुभयो, "यस किसिमको अपराधको विषयमा समाजका सबै पक्ष गम्भीर बनेर समस्या समाधानमा एकजुट हुनुपर्छ । नभए यो समाजका लागि ठूलो चुनौतीको रूपमा खडा हुन सक्छ ।" सबै पक्षले यसलाई गम्भीर रूपमा लिई मनोसमाजिक परामर्श तथा मनोचिकित्सक सेवा सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ । *(रासस)*

।सम्पादकीय।

# नेपालमा भारतीय लगानी नेपाल नवउपनिवेश हुने खतरा

नेपालका अर्थमन्त्री स्वर्णिम वाग्लेले असोज ३ गते भारतको नयाँ दिल्लीस्थित इन्डिया ह्याबिट्याट सेन्टरमा कन्फेडरेसन अफ इन्डियन इन्डस्ट्रीद्वारा आयोजित व्यापार तथा लगानी कार्यक्रममा नेपालमा सञ्चालित भारतीय कम्पनीलाई आफ्नो लगानी विस्तार गर्न र नयाँ कम्पनीलाई नेपालको बजार खोजी गर्न अनुरोध गरे । अर्थमन्त्री वाग्लेको यो भनाइ नेपालको हितमा छैन किनभने भारतको नेपालमा लगानी नहुँदै सन् १९५० को नेपाल-भारत सन्धिअनुसार नेपालको सुरक्षा र अर्थ मामिला भारतको पोल्टामा पारिएको छ । नेपालले भारतको अनुमतिबिना तेस्रो देशबाट खेतीको लागि रासायनिक मलसमेत आयात गर्न नपाउने अवस्था छ ।

भारतले नेपालको खुला सिमानामा दर्जनौँ ठाउँमा नेपाली भूमि अतिक्रमण गरेको छ । भारतबाट भएको नेपाली भूमि अतिक्रमणको विरोध गरेका कञ्चनपुरका नेपाली गोविन्द गौतमलाई भारतीय सीमा सुरक्षा बलले गोली हानी हत्या गर्‍यो । सन् १८१६ को सुगौली सन्धिअनुसार नेपालको सिङ्गै हकको महाकाली नदीमा भारतले अतिक्रमण गरी ढुङ्गाको पर्खाल बनायो र टनकपुर बाँध बनायो । नेपाली भूमि कालापानीमा भारतले सन् १९५२ देखि भारतीय सेना तैनाथ गरी कब्जा गर्दै छ । नेपालको लिम्पियाधुरामा भारतले नेपालीलाई पुग्न दिएको छैन । नेपाली भूमि गुञ्जीदेखि लिपुभन्ज्याङसम्म सडक बाटो बनाई भारतले कब्जा गरेको छ । यो घडीमा अर्थमन्त्री वाग्लेले भारतलाई नेपालमा लगानी बढाउन अनुरोध गर्नु नेपालको सार्वभौमिकताभाथि भारतीय हस्तक्षेप बढाउने र अन्ततः नेपाललाई भारतीय नवउपनिवेश बनाउने हो ।

यतिबेला अर्थमन्त्री वाग्लेको ध्यान नेपालको व्यापार घाटा कम गर्न सरकारको लगानीमा बिजुली उत्पादन बढाउनेतर्फ जानुपर्ने हो । नेपालमा खाना पकाउने ग्यास अभाव भइरहेको महिनौँ भइसक्यो । उपभोग्य सामानको मूल्यवृद्धि भइरहेको पनि धेरै भयो । गत साउन महिनामा मूल्यवृद्धि ६ प्रतिशत बढ्यो । अब बाँकी एघार महिनामा मूल्यवृद्धि कति हुने होला ? साउन महिनामा १८७ अर्ब ४४ करोडको सामान आयात भयो । यसमध्ये भारतबाट २२.६ प्रतिशत, चीनबाट १३.४ प्रतिशत र अन्य देशबाट ६९.५ प्रतिशत आयात भयो । साउनमा कुल निर्यात ३८ अर्ब ७० करोड मात्र भयो । रास्वपाको सरकार गठन भएको छ महिना नाघ्दै छ । गत आ.व.मा ७ लाख ६६ हजार नेपालीलाई वैदेशिक राजगारीमा पठाइयो । यो सङ्ख्याको आधा रास्वपा सरकारले पठाएको भन्नुपर्छ । गत फागुनको चुनावमा रास्वपाले वैदेशिक रोजगारीमा पठाएकाहरूलाई स्वदेश फिर्ता गरी राजनीति गरी रोजगारी दिने दाबी गरेको थियो । अहिले रास्वपाका यी सबै बाचा जनतालाई धोखा साबित भयो ।

संरा अमेरिकी प्रकाशनहरू 'द ग्रेजोन' र 'मन्थली रिभ्यु' मा प्रकाशित लेखअनुसार नेपालमा रास्वपाको सरकार नेपालीको धरातलमा नभई संरा अमेरिकी गुप्तचर संस्था सीआईएअन्तर्गतका एनईडी, आईआरआई, सीईपीपीएस, एनडीआईलगायतको डलर खर्चमा प्रशिक्षित केही नेपाली दलालहरूको धरातलमा भएको सार्वजनिक भइसकेको छ । यी साम्राज्यवादी हतियारको चङ्गुलमा नेपालको राज्य व्यवस्थाका कुन-कुन अधिकारी परेका छन्, नेपाली जनताले खोजी गर्न अब विलम्ब गर्न हुँदैन । यो यथार्थ थाहा पाएका र गत वर्ष भदौ २४ गते देश जलिरहँदा राजीनामा दिएर सैनिक हेलिकप्टरबाट बेपत्ता भएका तत्कालीन प्रम केपी ओली अहिले सङ्कटको मुख्य जिम्मेवार किन होइन ? राष्ट्रपति पौडेललाई संविधानविपरीत पूर्वप्रधानन्यायाधीशलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाउने र प्रतिनिधिसभा भङ्ग गर्न सल्लाह दिने अन्य शासक दलहरू - नेकाका रमेश लेखक, तत्कालीन माओवादी (हाल नेकपा) का दाहाल र माधव नेपाल पनि दोषी किन होइनन् ? के त्यतिबेला राष्ट्रपतिले रोएर आफ्नो कुर्सी जोगाएको सत्य हो ? यी विषय पनि जनताले खोजी गर्नु जरुरी छ ।

**सच्याइएको छ**

(असोज ४ गते प्रकाशित सम्पादकीयमा गत वर्ष भदौ २४ गते हुनुपर्ने र २०१७ साल हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ -सं.)

# मध्यपूर्व सङ्कटका कारण बन्धक बनेको विश्व

नाकाबन्दीको धम्की दिएर ऊर्जा बजारलाई कसरी हतियार बनाउन सकिन्छ भन्ने कुरा प्रदर्शन गर्दै यस महिना हुथी विद्रोही फौजले यमनको मोखा बन्दरगाह तथा बाब-अल-मान्देब जलमार्गमा रहेका टापु आफ्नो नियन्त्रणमा लिएको छ । बाब अल-मन्देब लालसागरलाई एडेनको खाडीसँग जोड्ने साँघुरो मार्ग हो । केही दिनअघि ड्रोन आक्रमणले साउदी कच्चा तेललाई लालसागरको बन्दरगाह यान्बुमा पुर्‍याउने पूर्व-पश्चिम पाइपलाइनलाई क्षति पुर्‍याएको थियो, जसका कारण तेलको मूल्यमा अस्वाभाविक वृद्धि भएको थियो । यमन, लेबनान, सिरिया, गाजा र खाडीमा द्वन्द्व बढ्दो रूपमा अन्तरसम्बन्धित हुँदै गएकाले एउटा मोर्चामा भएका घटनाक्रमले अर्को स्थानमा असर गरिरहेको छ ।

अमेरिकामा मध्यावधि निर्वाचन नजिकिँदै गर्दा त्यहाँको प्रशासन यमनमा अर्को सैन्य संलग्नता बढाउन इच्छुक छैन । वासिङटन तेलको मूल्यमा भारी उतार-चढाव निम्त्याउने वा नयाँ द्वन्द्व सुरु गर्ने जोखिम नमोली इरानको प्रभावलाई नियन्त्रण गर्न चाहन्छ । रियादले अमेरिकी सहयोगको अपेक्षा गर्‍यो, वासिङटनले गुप्तचर जानकारी र सीमित सङ्ख्यामा गैरलडाकु जनशक्ति उपलब्ध गराउने प्रस्ताव त राख्यो, तर प्रत्यक्ष सैन्य हस्तक्षेप भने गरेन । यो संयमताभन्दा पनि निर्णय लिन नसक्ने अवस्थाजस्तो देखिन्छ । अमेरिकी प्रशासन कुनै कदम चाल्दा तत्कालै आइपर्ने राजनीतिक मूल्य चुकाउनबाट पन्छिरहेको छ ।

अमेरिकाले खाडी क्षेत्रको तेल प्रत्यक्ष रूपमा निकै कम मात्र आयात गर्ने भए पनि लालसागरमा हुने कुनै पनि नयाँ सङ्कट अन्ततः अमेरिकी पेट्रोल पम्प, कारखाना र सुपरमार्केटसम्म आइपुग्न सक्छ । वासिङटनले यी जोखिम बुझेर पनि हस्तक्षेप नगर्नुले त्यहाँका आन्तरिक राजनीतिक बाध्यताको बलियो प्रभावलाई उजागर गर्छ । मध्यावधि निर्वाचनको तालिका अमेरिकाको मध्यपूर्व रणनीतिको एक अदृश्य पात्र बनेको छ ।

साउदी अरबले टर्की र पाकिस्तानसँग गरेको सुरक्षा सम्झौताले कूटनीतिक ऐक्यबद्धता र व्यावहारिक प्रतिबद्धताबिचको खाडललाई छर्लङ्ग पारेको छ । यसैबिच, यस अस्तव्यस्तताबाट इजरायलले मौन रूपमा लाभ उठाइरहेको छ । इरानका साझेदार दबाबमा पर्दा र ती साझेदारका सञ्जाल अवरुद्ध हुँदा लेबनान तथा सिरियामा इजरायलको सैन्य कारबाही र गाजा तथा दमास्कसवरपर सुरक्षा क्षेत्र विस्तार गर्ने उसका प्रयास अघि बढिरहेका छन् । तैपनि, रणनीतिक लाभ रणनीतिक सफलता होइन । इरानको आणविक क्षमतालाई स्थायी रूपमा निष्क्रिय पार्ने वा यसको राजनीतिक प्रणालीलाई पुनः आकार दिनेजस्ता इजरायलका ठुला उद्देश्य प्राप्त हुन सकेका छैनन् ।




समग्रमा भन्नुपर्दा, यो नव-यथार्थवादको सबैभन्दा कठोर स्वरूप हो, जहाँ राज्य र सशस्त्र समूह अल्पकालीन लाभ हासिल गर्न, आफ्नो प्रभाव क्षेत्र विस्तार गर्न र दबाब वा बल प्रयोगको नीतिलाई 'प्रतिरोध' का रूपमा प्रस्तुत गर्न उद्यत हुन्छन् । तर, दीर्घकालमा कुनै पनि पक्षले वास्तविक लाभ प्राप्त गर्न सक्दैनन्, किनकि उनीहरूले तत्काल हासिल गरेका रणनीतिक लाभ न त दिगो वा रक्षा गर्न योग्य हुन्छन्, न त तिनले यस क्षेत्रमा दिगो शान्ति र रणनीतिक स्थिरता कायम गर्न नै सघाउँछन् ।

मध्यपूर्व कुनै यस्तो 'चेस बोर्ड' होइन, जहाँ रणनीतिक रूपमा महत्त्वपूर्ण साँघुरा मार्गको अनिश्चितकालसम्म लेनदेन गरिरहन सकियोस् । यो क्षेत्र करोडौँ मानिसको घर हो, जसका गुनासा (र तीमध्ये पनि विशेष गरी प्यालेस्टिनसम्बन्धी समाधान नभएको मुद्दा) लाई बमबारी र नाकाबन्दीले मौन बनाउन सकिँदैन ।

इजरायलले अमेरिकालाई उक्साउँछ । अमेरिकामाथि भर पर्न नसक्ने क्षेत्रीय शक्ति भने एक-अर्काविरुद्ध नै आक्रोश पोख्छन् । अमेरिकाले सो जलसन्धि पुनः खुलाउन नसकेपछि त्यसमा थप अवरोध खडा गरेको छ । यो तल्लोस्तरमा ओर्लिएको अन्तर्राष्ट्रिय राजनीतिको यथार्थ चित्रण हो । यस क्षेत्रको अनन्त भूराजनीतिक सङ्घर्षमा राजनीतिक दृढता, रणनीतिक दूरदर्शिता र कूटनीतिक सुझबुझ दुर्लभ वस्तु बन्न पुगेका छन् ।

पेइचिङले सम्बन्धित सबै पक्षलाई शत्रुतापूर्ण गतिविधि अन्त्य गर्न र वार्तामार्फत द्वन्द्व समाधान गर्न निरन्तर आह्वान गर्दै आएको छ । क्षेत्रीय राष्ट्रहरूले आफ्नै सुरक्षाको जिम्मा लिनुपर्छ, बाह्य हस्तक्षेप अस्वीकार गर्नुपर्छ, संवाद र परामर्शमार्फत नयाँ सुरक्षा संरचना निर्माण गर्नुपर्छ तथा विकासलाई स्थिरताको आधार मान्नुपर्छ ।

संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनले नियमहरू तय गर्नुपर्छ र प्यालेस्टिनको मुद्दा केन्द्रबिन्दुमा रहनुपर्छ । 'दुई-राज्य समाधान' अपरिहार्य राजनीतिक गन्तव्यका रूपमा कायमै छ । यो कुनै तत्कालको समाधान होइन । तर, यसको सुरुवात एउटा आवश्यक मान्यताबाट हुन्छ । जलसन्धिमाथिको नियन्त्रण र त्यहाँको सुव्यवस्था एउटै कुरा होइनन् । साथै जबरजस्ती वा दबाब र सुरक्षा पनि उस्तै कुरा होइनन् । जबसम्म सम्बन्धित पक्षले राजनीतिक समाधान, पूर्ण युद्धविराम, पुनर्निर्माण र पुनः विश्वासको बाटो अपनाउँदैनन्, तबसम्म ती दुई जलमार्ग नजिकैको टापुमा नियन्त्रण राख्ने पक्षको बन्धक बनिरहनेछन् र विश्व अर्थतन्त्रले त्यसको 'फिरौती' तिरिरहनुपर्नेछ ।

***- चाइना डेलीको सम्पादकीय***

# वर्गसङ्घर्ष आमूल परिवर्तनको निम्ति हो

द्वन्द्वात्मक भौतिकवाद अर्थात् मार्क्सवाद सङ्घर्षबाट या अनुभवबाट प्राप्त भएको दर्शन हो । यसको विकास विरोधीहरूसित अन्तरसङ्घर्ष भएरै भएको हो । सत्यको विकास असत्यविरुद्ध लडेरै हुन्छ । असलको विकास खराबविरुद्ध लडेरै हुन्छ । वर्गीय समाजमा वर्गसङ्घर्ष स्वाभाविक हो । वर्गसङ्घर्ष आमूल परिवर्तनको निम्ति हो सरकारको नेतृत्व हेरफेर गर्न होइन । त्यो सङ्घर्षमा सफलता पाउन भित्री दुश्मनविरुद्ध मात्र होइन बाह्य दुश्मनविरुद्ध पनि सङ्घर्ष गर्नैपर्छ । मार्क्सवादको खास्टो ओढेर मार्क्सवादकै सिद्धान्त र विचार कुल्चेर आफूलाई कम्युनिस्ट पार्टी भनी रवाफ देखाएर हिँड्नु नेपाली जनतामाथि गरिएको धोका हो । सच्चा क्रान्तिकारी या कम्युनिस्टहरू अन्तिम लक्ष्यको ख्याल गर्दै मात्रात्मक र गुणात्मक परिवर्तनमा मात्र होइन निषेधको निषेध राजनीति गर्न पनि सक्रिय हुन्छन् । उनीहरू सही रणनीति र कार्यनीति अर्थात् क्रान्तिकारी राजनीति कार्यदिशा तयार गर्न जहिल्यै जनताको घर आँगन या बस्तीबस्तीमा कम्युनिस्टको सिद्धान्त र विचार जनतासमक्ष राख्छन् र सुसूचित पार्ने बाटो रोज्छन् । जो जो यसको विपरीत विचार लिएर अघि बढ्छन्; सामाजिक अन्तरविरोधलाई ठीकसित बुझ्दैनन् उनीहरू अवसरवादी राजनीतिक कार्यदिशा तयार गर्न तम्सिन्छन् ।

नेपालको सन्दर्भमा सत्तामा जानको निम्ति सिद्धान्त र विचारको ख्याल नगर्ने दलहरू जो कसैसँग या वर्गीय शत्रुसँग पनि मिल्न पछि हट्दैनन् । सत्तामा जाने कम्युनिस्टहरूको विरोध बढ्नु र जनताको असन्तोष बढ्नुको कारण पनि त्यही हो । यही कारण प्रत्येक निर्वाचनको बेला सत्तामा जाने कम्युनिस्टहरूको प्राप्त मतमा धेरै अन्तर भएको हो । गएको फागुन २१ गतेको निर्वाचनमा एमाले, माओवादी र समाजवादी भन्ने कम्युनिस्टहरूको मत धेरै कम भयो । कम्युनिस्ट पार्टी भएर पनि क्रान्तिकारी राजनीतिक कार्यदिशा बदल्दाको कारण उनीहरूको बढी विरोध बढेको हो, निर्वाचनमा हारेको हो ।

अवसरवादीहरूले आमूल परिवर्तनको बाटो रोज्दैनन् । उनीहरू दलको उद्देश्य पूरा गर्नुभन्दा अवसर या मौका छोप्छन् र मूल बाटो भुल्छन् । उनीहरू वर्गसङ्घर्षको बाटो रोज्दैनन् बरु वर्गसङ्घर्षको बाटो रोज्नेहरू कम्युनिस्ट होइन भन्न पछि पर्दैनन् । कम्युनिस्ट पार्टी दाबी गर्ने तर कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार आत्मसात गरी अघि नबढ्ने त्यस्ता कम्युनिस्टहरूले कसरी देशमा आमूल परिवर्तन गर्छन् ? कम्युनिस्टहरू सिद्धान्त र विचारको आधारमा राजनीति गर्छन् । सिद्धान्त र विचारअनुसार देशमा परिवर्तन गर्नु उनीहरूको लक्ष्य हो । लक्ष्य पूरा गर्न अघि नबढ्ने दललाई जनताले कसरी विश्वास गर्ने ? सिद्धान्त र विचारलाई लात मार्ने, सिद्धान्त र विचारविपरीतको बाटो लिने दलले न देशको विकास गर्छ न त बहुमत जनताको सेवा गर्छ ।

निर्वाचनमा लड्नु र जित्नु नै कम्युनिस्टको लक्ष्य होइन । निर्वाचनलाई देश र जनताको हितमा उपयोग गर्नुपर्छ । पुँजीवादी निर्वाचनमा जितेर सरकारको नेतृत्व गर्नु नै कम्युनिस्टको लक्ष्य ठान्नु गलत हो । पुँजीवादी व्यवस्थाको निर्वाचनमा जितेर आमूल परिवर्तन हुँदैन; आमूल परिवर्तन सम्भव छैन । देशका ठुला भनिने कम्युनिस्ट पार्टीहरूले निर्वाचनमा जितेर सरकारको नेतृत्व गर्नु नै मूल उद्देश्य ठाने । सत्ताकेन्द्रित राजनीतिमा भुल्दा नेपालको कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टी पछि परेको हो ।

दल ठुलो बन्नु र बनाउनु या दल ठुलो हुनु नै कम्युनिस्ट पार्टीको सच्चाइ होइन । सरकारको नेतृत्व गर्नु र दल ठुलो बनाउनु नै मार्क्सवाद होइन । दल ठुलो बन्दैमा, सरकारको नेतृत्व गर्दैमा त्यो दलको सिद्धान्त र विचार सही हुन्छ भन्ने होइन । न त्यो दलको सच्चाइको मापदण्ड हो । निर्वाचनमा जितेपछि विचार सही हुने र हारेपछि सिद्धान्त गलत हुने पनि होइन । बहुमत जनता राजनीतिक रूपले सचेत र सङ्गठित नभएसम्म दलको सिद्धान्त र विचारबाट सुसूचित नभएसम्म, जनताको घर आँगनसम्म पुर्‍याउन नसकेसम्म त्यो दलको सिद्धान्त र विचार सही भए पनि निर्वाचनमा जित्छ भन्ने होइन । दलको सिद्धान्त गलतै भए पनि जनता सचेत नहुँदा दलको साम, दाम, दण्ड र भेदको कारण निर्वाचनमा जित्न पनि सकिन्छ । यसकारण, निर्वाचनमा जिते सिद्धान्त सही हुने र हारे गलत हुन्छ भन्ने दृष्टिकोण ठीक होइन । विगतमा कहिले नेका, कहिले एमाले त कहिले माओवादी ठुलो थियो । अहिले रास्वपा ठुलो छ । हिजो दल ठुलो हुँदा नेका, एमाले र माओवादीलाई सही मान्यो भने अहिले त्यो दलको सिद्धान्त र विचारलाई गलत मान्नुपर्ने हुन्छ । हिजो रास्वपा सानो दल थियो, अहिले ठुलो दल बन्यो । हिजो सानो हुँदा गलत र अहिले ठुलो हुँदा सही भएको मान्न सकिँदैन । दल ठुलो सधैँ भइरहन्छ भन्ने होइन । अतः दल ठुलो र सानोको आधारमा कुनै दलको सिद्धान्त र विचारलाई सही र गलतको मापदण्ड मान्नु हुँदैन ।

ठुलो दल बनाएर सरकारको नेतृत्व गरेपछि ठुला दलका नेता, मन्त्री र सांसदहरूमा अभिमानीको पारो चढ्छ । ठुलो दल बनेको र सरकारको नेतृत्व गरेको आधारमा नेता र मन्त्रीहरू धाक र धक्कु देखाउँछन्; अरु दल र दलका नेताहरूलाई गन्दैनन्; जोसँग राजनीतिक अनुभव छैन; देश र जनताको समस्याबारे थाहा छैन उनीहरू नै अन्य दलका नेताहरूलाई राजनीति सिकाउँछन्; संसदीय व्यवस्थाको अवधारणाबारे पाठ पढाउँछन् । उनीहरूजस्तो गल्ती भए पनि, नमिले पनि आफूले गरेको काम नै सही ठान्छन्; अन्य दलको सुझाव र सल्लाह जति सही भए पनि स्वीकार्दैनन् । देशको संसदीय व्यवस्थामा बसेको यो गलत राजनीतिले अहिले पनि निरन्तरता पाएको छ । यो गलत संस्कार र मान्यता तोड्नुपर्छ; तोडेर सच्चाइको राजनीति गर्नुपर्छ ।

# अफ्रिकी स्वतन्त्रता सेनानी क्वामे एन्क्रुमा – १

घाना अफ्रिकी स्वतन्त्रता आन्दोलनको १९६० दशकतिर एक चर्चित देश हो। घानाको उत्तरमा अपर भोल्टा (बुर्किनाफासो), दक्षिणतिर आन्ध्र महासागर, पूर्वमा टोगो, पश्चिममा आइभरी कोस्ट पर्छ। पोर्चुगली उपनिवेशवादीहरूले 'सुनको किनारा' (Gold Coast) भनिएको घाना ७ मार्च १९५७ मा स्वाधीनता प्राप्त गरेको देश हो।

अफ्रिकी महादेशको दक्षिण-पश्चिम र गिनी खाडीको पश्चिममा रहेको घानाको क्षेत्रफल २,३८,५३७ वर्ग किलोमिटर छ। २ करोड ८१ लाख २ हजार ४ सय एकहत्तर (१९९० को तथ्याङ्क) बहुजातीय जनसङ्ख्या भएको यस देशमा ५६ भाषा बोलिन्छ। असङ्ख्य र अकुत प्राकृतिक सम्पदा भएकै कारण पोर्चुगाली उपनिवेशवादीहरूले यस देशको नाम 'सुनको किनारा' राखेका हुन्।

सुन, हीरा, बाक्साइट, म्याङ्गानिज आदि खनिजले घाना सम्पन्न छ। घाना संसारको तेस्रो सबभन्दा ठुलो हीरा उत्पादक देश थियो र संसारको पाँचौं सबभन्दा ठुलो सुन उत्पादक देश थियो।

कृषिमा पेय पदार्थको रूपमा प्रयोग गर्ने कोका, कफी, चिया, पातको डोरी बाट्ने रुख आदि उत्पादन हुन्छ र कृषि उत्पादनको तयारी, निर्यातको निम्ति बट्टामा बन्द गर्ने कारखाना, पेट्रोलियम प्रशोधन, रासायनिक मल, कपडा आदि औद्योगिक वस्तु यहाँबाट निर्यात हुन्छ। गणतान्त्रिक घाना ८ प्रान्तमा विभाजित छ। यसको राजधानी आक्रा (Accra) हो।

सन् १४७१ मा पहिलोपटक पोर्तुगाली जहाज घानामा बिसाइएको थियो। समुद्र किनारामा रहेका पोर्तुगालीहरूले धेरै सुन हात पारे। पोर्तुगालीहरूले त्यहाँ एक किल्ला बनाएका थिए। सुन लुट्नसम्म लुटेपछि पोर्तुगालीहरू त्यहाँका हब्सी जनतालाई दास बनाउन सिक्रीले बाँध्दै र सन्दुकमा बन्द गर्दै लान्थे। ती हब्सीहरूलाई युरोप र अमेरिकी दासबजारमा बढीबढाउ गरी बेचिन्थे। पोर्तुगालीहरू बलिया र हट्टाकट्टा हब्सीहरूलाई मात्र लान्थे र अरूलाई मार्थे।

सत्रौँ शताब्दीमा डचहरूले पोर्तुगालीहरूलाई घानाबाट खेदे र अझ ठुलो दास व्यापार सुरु गरे।

सन् १८६० तिर जेम्स एबि हर्टोनले सबै पश्चिमी देशहरूको स्वाधीनताको विचार अगाडि सारेका थिए। आफ्नो पुस्तक 'पश्चिमी-अफ्रिकी देशहरू र जनता' (West African Countries and People) मा उनले अफ्रिकीहरूको स्वराजको अधिकारमा जोड दिएका थिए र हब्सीहरू मानसिक रूपले कमसल छन् भन्ने सिद्धान्तका पक्षपाती बेलायती 'सामाजिक मानवशास्त्रीहरू' लाई आलोचना गरेका थिए।

अर्का बेलायती विद्वान एडवार्ड ब्लाइडेन सम्पूर्ण अफ्रिकाका पहिलो सिद्धान्तकार थिए। उनले अफ्रिकी जनताको साझा भाग्यबारे आफ्नो धारणा बौद्धिक रचनाहरूमा लिपिबद्ध गरेका थिए।

१९ औँ शताब्दीको अन्तमा उनले 'अफ्रिकी व्यक्तित्व' र 'उपनिवेशीकरणको अन्तको भावना' को विशेषताको धारणालाई अगाडि सारेका थिए।

क्वामे एन्क्रुमा घानाको मात्रै होइन अफ्रिका महादेशकै एक चर्चित र प्रतिष्ठित नेता थिए। एन्क्रुमा घानाको दक्षिण पश्चिम भागको एन्क्रोफुल (Nkroful) भन्ने सानो गाउँमा सन् १९०९ को सेप्टेम्बर महिनामा जन्मेका थिए। त्यस गाउँमा अकान वन्यजाति (Akan Tribe) र एनजिमा (Nzima) जनता बसोबास गर्थे।

क्वामे एन्क्रुमाका बुबा सुनको गहना बनाउने कालिगड थिए। उनका बुबाका धेरै पत्नी थिए। त्यस जातिमा बहुपत्नी विवाहको प्रचलन थियो। क्वामे एन्क्रुमाका आमापट्टिका उनी एक्लो छोरा थिए। आमा खेतमा काम गर्दै खेती उत्पादन बजारमा बेच्न जान्थिन्।

सन् १९०० मा बेलायती उपनिवेशवादीहरूले घानालाई आफ्नो कब्जामा लिए र त्यसको नाम 'सुनको किनारा' राखे। क्वामे एन्क्रुमाका आमाबुबा लेखपढ गर्न जान्दैनथे। यसकारण छोरोलाई शिक्षित बनाउन आमा धेरै उत्साहित भइन् र मिहिनेत गर्थिन्। उनले छोरालाई युरोपेलीहरूले स्थापना गरेको क्याथोलिक धर्मको विद्यालयमा भर्ना गरिदिइन्। उनलाई विद्यालयको अनुशासन सारै कडा लाग्थ्यो तर आमाले उनलाई हात समाएर विद्यालयसम्म पुऱ्याउँथिन्। विद्यालयमा अङ्ग्रेजी भाषा, गणित, भूगोलको पढाइ हुन्थ्यो र धर्म मुख्य विषय थियो। युवा एन्क्रुमा धर्मको गम्भीर अध्ययन गर्थे र आफ्ना गुरुसँग त्यसबारे छलफल गर्न रुचाउँथे। उनले रोमन क्याथोलिक चर्चको दीक्षा लिए र आफ्नो नाम फ्रान्सिस (Francis) राखे।

आठ वर्षको उमेरमा एन्क्रुमा आफ्नो कक्षाको अब्बल दर्जाका विद्यार्थी थिए। उनी सारै मिहिनेती भएकाले शिक्षकहरूले उनलाई राजधानी आक्रामा पढ्न पठाए। उनी त्यसबेला १८ वर्षका युवा थिए।

आक्रा सहरमा एन्क्रुमा तालिम महाविद्यालयमा भर्ना भए। आक्रामा त्यसबेला ५० हजार मात्र जनसङ्ख्या थियो। औपनिवेशिक राजधानीको त्यति महत्त्व थिएन, तैपनि त्यहाँ धेरै मोटरकार गुड्थे। त्यहाँ नाइजेरियाली, सिरियाली, लेवनानी र ग्रीसका राम्राराम्रा लुगा लगाएका मानिसहरू बस्थे। आक्रामा विभिन्न किसिमका नरिवल, माछा, सुन्तला, अत्तर र अन्य श्रृङ्गारका सामानहरूको बिक्री हुन्थ्यो। मुख्यमुख्य व्यापारीहरू सबै विदेशी थिए। पहिलो वर्ष उनलाई आक्रामा बस्न सारै गाऱ्हो भयो। उनी घर सम्झिरहन्थे। सन् १९२७ मा उनको बुबाको मृत्यु भयो। उनी आमा र काकासँग बस्न थाले।

एन्क्रुमाको परिचय क्वेग्यिर आग्रेइ नामका एक अफ्रिकी शिक्षकसँग भयो। ती शिक्षकले सं.रा. अमेरिकाको एक महाविद्यालयमा विद्यावारिधि गरेका थिए। उनी आक्रानजिक एक कलेजमा निर्देशक नियुक्त भए। त्यो कलेज नै घानाको पहिलो उच्च शिक्षण संस्था थियो। ती शिक्षकले बेलायतको इतिहास, भूगोल, बेलायतकै गीत-सङ्गीत तथा ऐनकानुन पढाउँथे। उनी युवा अफ्रिकीहरूलाई त्यस देशको विकास गर्न गोराहरूको पनि सहयोगको आवश्यकताबारे सम्झाउँथे। त्यो कुरा एन्क्रुमालाई सुरुमा मन परेको थिएन। तैपनि, एन्क्रुमाको सम्बन्ध उनीसँग बढ्दै गयो र बिदाको समयमा उनी संरा अमेरिका फर्के। त्यहीँ उनको अचानक मृत्यु भयो।

सन् १९२८ मा आक्राको तालिम महाविद्यालय अचिमोटामा सऱ्यो र 'प्रिन्स अफ वेल्स' कलेजको एक भाग बन्यो। त्यस संस्थानमा युरोपेली र अफ्रिकीहरू काम गर्थे। स्थानीय विद्यार्थीहरू त्यहाँका ठुल्ठुला मानिसका छोराछोरी थिए। तिनीहरू ल्याटिन भाषा र उच्चस्तरीय गणित विषयमा दख्खल राख्न चाहन्थे। एन्क्रुमा एक उत्साही युवा भएका हुनाले अन्य साथीहरूबाट उनले धेरै कुरा सिके। त्यसबेला उनलाई मनपर्ने विषय इतिहास, मनोविज्ञान, जनतासँगको संवाद, भाषणकला आदि थिए। उनी खेलकुद र नाचगान पनि मन पराउँथे। त्यसबेला उनी १९ वर्षका थिए।

औपनिवेशिक शिक्षा बेलायतकै नक्कल थियो। त्यस शिक्षाले विद्यार्थीहरूलाई बेलायती समर्थक मात्र बनाउने होइन पुँजीवाद र पुँजीवादी समाजको दृष्टिकोण, प्रवृत्ति र सिद्धान्तसमेत विद्यार्थीहरूमा बीउजस्तै छर्न खोज्थे। तर, त्यसबेलासम्म एन्क्रुमाले उपनिवेशी शासन अन्यायपूर्ण छ र सधैँ त्यो व्यवस्था रहिरहन्छ भन्नेबारे शङ्का गर्न थालेका थिए।

इलमिना सहरमा रोमन क्याथोलिक जुनियर स्कूलमा एन्क्रुमाले शिक्षकको काम पाए। हुन त उनी अवसर पाए विदेशमा गई उच्च शिक्षा हासिल गर्न चाहन्थे। उनको कक्षामा विद्यार्थीहरू खुब ध्यान दिई पढ्थे। उनको सिकाउने शैली अत्यन्त प्रभावशाली हुन्थ्यो।

सन् १९३१ मा एन्क्रुमा आक्सिमा सहरको रोमन क्याथोलिक जुनियर स्कूलमा प्रधानाध्यापक भए। त्यस क्षेत्रमा आफ्नै जातिका धेरै मानिस भएको हुँदा उनले एन्जिमा साहित्यिक समाजको सङ्गठन गरे। त्यही साहित्यिक समाजमा एन्क्रुमाले सामुयल आर उड भन्ने व्यक्तिलाई भेटे।

सामुयल बेलायती पश्चिमी अफ्रिकाको राष्ट्रिय काङ्ग्रेसका सचिव थिए। एन्क्रुमाले भेटेको पहिलो राजनीतिक व्यक्ति नै सामुयल थिए। पश्चिमी अफ्रिकाको राष्ट्रिय काङ्ग्रेस सन् १९२० को दशकमा स्थापना भएको थियो। त्यसमा गोल्ड कोस्ट, नाइजेरिया, सियरा लियन र गाम्बिया गरी चार बेलायती उपनिवेशहरूका नेताहरू थिए। त्यस सङ्गठनको मुख्य उद्देश्य ती चार बेलायती उपनिवेशवादी सरकारसँग स्वराज माग्नु थियो। त्यो क्रमिक सुधारको उपाय थियो। एन्क्रुमाले



देशको इतिहास र ती चार उपनिवेशहरूको तत्कालीन इतिहासको बारेमा घण्टौं छलफल गरे।

सन् १९३० को दशकमा आर्थिक सङ्कटले पश्चिमी देशलाई प्रत्यक्ष असर पारेजस्तै उपनिवेशहरूमा पनि त्यसको असर पऱ्यो। घाना वा गोल्ड कोस्टबाट निर्यात हुने कोका दानालगायतका वस्तुहरूको निर्यात घट्यो। निर्यात हुने वस्तुहरूकै करबाट त्यहाँको आर्थिक गतिविधि अगाडि बढ्थ्यो। बेलायती उपनिवेशहरूका उद्योगधन्दा सुक्न थाले, कामदारहरू निकालिए र बेरोजगार भए। मजदुरहरूको ज्यालामा बाँच्ने महिला र बालबच्चामा सारै ठुलो नकारात्मक असर पर्नु स्वाभाविक थियो। ज्याला कटौती, कामबाट निकाला आदिको विरोधमा मजदुर सङ्घहरू स्थापना भए। मजदुर हडतालहरू भए। स्थानीय अफ्रिकी पत्रपत्रिका तथा अनेक सांस्कृतिक र शैक्षिक संस्थाहरूको सङ्गठन बढ्दै गयो र उपनिवेशविरोधी भावना फैलिँदै गयो। यसरी घानामा राजनीतिक चेतना बढ्दै गयो। एन्क्रुमामा पनि उपनिवेशवादविरोधी भावनाको जग बस्दै गयो।

एकजना अफ्रिकी युवा संरा अमेरिकामा ९ वर्ष अध्ययन गरी सन् १९३४ मा घाना फर्केका थिए। उनी नामिडी अजिकिवी थिए र पछि उनी नै नाइजेरियाका पहिलो राष्ट्रपति बने। उनी अमेरिकामा 'अफ्रिकी प्रभात खबर' पत्रिकाका सम्पादक थिए।

अफ्रिकी जनताको हकअधिकार, अभिव्यक्ति स्वतन्त्रता, जातीय र रङको भेदभाव आदिबारे अनेक लेख र वक्तव्य प्रकाशित गरेर आजिकिवी अफ्रिकाको सम्भ्रान्त समाजमा ज्यादै चर्चित भए। उनको प्रभाव अफ्रिकी शिक्षित समुदाय र एन्क्रुमाजस्ता युवाहरूमा पनि परेको थियो। विद्रोहको भावना भड्काएको आरोपमा उनलाई ६ महिना कारागारको सजाय भएको थियो। रिहाइपछि उनी नाइजेरिया फर्केका थिए।

अमेरिकाको संविधानमा काला र गोराहरूले समान अधिकार पाउँछन् भन्ने लेखिएको थियो। त्यसकारण, अफ्रिकी उपनिवेशका जनतामा उपनिवेशवादको विकल्प सं.रा. अमेरिका भन्ने भ्रम थियो। अफ्रिकी जनता त्यसबेला सं.रा. अमेरिकालाई मुक्ति र समानताको प्रतीक सम्झन्थे। एन्क्रुमाले पनि नाइजेरिया पुगी आफ्ना सम्पन्न नातागोतासँग सं.रा. अमेरिकाको लिङ्कन विश्वविद्यालयमा पढ्न जान सहयोग मागे र घर फर्के।

एन्क्रुमाकी आमालाई छोरा अमेरिकाजस्तो टाढाको देशमा किन जान चाहन्छ भन्ने थाहा थिएन। उनको मनमा त छोराले स्थानीय विद्यालयमै इज्जतको जीवन बिताउन सक्ने थियो। सन् १९३५ अगस्ट महिनामा एन्क्रुमा बेलायत हुँदै सं.रा. अमेरिका गए। उनी बेलायतको राजधानी लन्डन पुग्दा भिड भएका बाटाहरू, विज्ञापनको झिलिमिली, अन्तहीन मोटरहरू, दुईतले बस र बिजुलीले चल्ने ट्राम आदिको घुइँचोले उनलाई आश्चर्यमा पारेको थियो। आर्थिक सङ्कटले बेलायतमै २० लाख जनता बेरोजगार थिए। त्यसबेला लन्डनको जनसङ्ख्या ८० लाख थियो। तर, एन्क्रुमाले किताब र पत्रपत्रिकामा देखेको लन्डनका चित्रहरू, ऐतिहासिक स्मारकहरू प्रत्यक्ष देख्दा कति पनि नौलो अनुभव गरेनन्। मानिसको घुइँचो, सवारीहरू र बन्दरगाहको गञ्जागोलमा उनी हराउँथे। तर, आआफ्नो भावना पोख्ने ठाउँ हाइड पार्कको डबलीबाट उनी प्रभावित भए।

सन् १९३५ अक्टोबरको समय थियो। त्यसबेलासम्म एन्क्रुमालाई अन्तर्राष्ट्रिय राजनीतिको जटिलता थाहा भइसकेको थिएन। नाजीवाद, फासीवाद र जापानको राजनीतिबारे पनि थाहा थिएन। त्यसबेला उनी २६ वर्षका युवा थिए। ३ अक्टोबरको दिन इटालीका तत्कालीन तानाशाह मुसोलिनीले सबभन्दा पुरानो स्वतन्त्र अफ्रिकी देश इथियोपियामा हमला गरेको समाचार थाहा पाउँदा उनी झस्के। बेलायतमै उनले पश्चिमी देशको प्रजातन्त्रको वास्तविकता बुझ्न सुरु गरे।

एन्क्रुमा जहाजमा बसी लन्डनबाट संरा अमेरिकातर्फ लागे। न्युयोर्क पुग्दा त्यहाँका अग्लाअग्ला घर र पसलको झिलिमिली देखेर उनी छक्क परे। लिङ्कन विश्वविद्यालय पुग्दा दुई महिनाअघि नै कक्षा सञ्चालन भइसकेको थियो तैपनि उनी आफ्ना सहपाठीहरूभन्दा पछाडि परेनन्। त्यो विश्वविद्यालय अफ्रिकी विद्यार्थीहरूको निम्ति सन् १८८४ मै स्थापना भएको थियो। उनले चिनेजानेका अफ्रिकीहरू पनि त्यहीँ पढेका थिए। कक्षापछि पनि उनी धेरैबेरसम्म पुस्तकालयमा अध्ययन गर्थे। आफू राजनीतिमा समर्पित हुने उद्देश्यले भाषण कलामा ध्यान दिन्थे। विश्वविद्यालयको प्रतिस्पर्धामा उनले स्वर्ण पदक पनि हासिल गरे।

उनको पढाइको क्षमताबारे सबै अवगत भए। अनेक किसिमका खुला र गुप्त अफ्रिकी सङ्गठनहरूले उनीसँग सम्पर्क राख्न थाले। विश्वविद्यालयको छात्रवृत्तिको रकमले उनलाई जीविका चलाउन धौधौ परेको हुँदा विश्वविद्यालयको पुस्तकालयमा आंशिक सेवा गरे। उनी कमजोर विद्यार्थीहरूको निम्ति समाजशास्त्र र अर्थशास्त्रका आवश्यक शैक्षिक सामग्री तयार गर्थे। त्यतिले नपुगेर उनले अरुसँग मिलेर आफ्नी आमाले जस्तै सस्तो माछा बजारबाट महँगो बजारमा माछा बेच्ने काम पनि गरे। साथीहरूबिचको झगडाले गर्दा उनले अरू काम पनि थाले। उनले जहाजमा भाँडा माझ्ने काम सुरु गरेर पदोन्नति हुँदै थाल माझ्ने, खानेकुरो लैजाने र आदेश दिने कर्मचारी भए। उनी धनी यात्रुहरूबाट केही बक्सिस पाउँथे। त्यो पैसाले उनी पुस्तक किन्थे। मिलनसार, सहयोगी र फरासिला हुनाले उनले धेरै साथी बनाए।

सन् १९३९ मा दोस्रो विश्वयुद्ध सुरु भयो र एन्क्रुमाले लिङ्कन विश्वविद्यालयबाट अर्थशास्त्र र समाजशास्त्रमा स्नातक गरे। पैसाकै कमीको कारण उनले कोलम्बिया विश्वविद्यालयबाट पत्रकारिताको अध्ययन गर्ने उद्देश्य छोडी पुरानै विश्वविद्यालयमा दर्शनशास्त्रको कक्षामा सामेल भए। दर्शनशास्त्रका अमूर्त विचार, तर्कका नियमहरू पढेर सुरुमा उनी अचम्म मान्थे। पछि उनी कान्ट, नित्से, हेगेलजस्ता दार्शनिकहरू र इब्सन, टाल्सटोयजस्ता लेखकहरूको साहित्यमा डुबे।

एन्क्रुमा आइतबारको दिन अफ्रिकीहरूको सामाजिक र धार्मिक केन्द्रको रूपमा रहेका चर्चहरूमा गएर बरोबर प्रवचन दिन्थे। सन् १९३९ मै लिङ्कन गुरुकुलले धर्मशास्त्रबारे पढाउँथ्यो। एन्क्रुमाले पेनसिलभानिया विश्वविद्यालयमा दर्शनशास्त्र र शिक्षाबारे अध्ययन गरे। सन् १९४२ मा उनले धर्मशास्त्रमा स्नातक र शिक्षाशास्त्रमा आचार्य उपाधि प्राप्त गरे। सन् १९४३ मा उनले दर्शनशास्त्रको स्नातकोत्तर परीक्षाको शोधपत्रको मौखिक परीक्षामा राम्रो प्रदर्शन गरे तथा आफ्नो शोधपत्रको निम्ति उनले विद्यावारिधि प्राप्त गरे। अब उनी ३४ वर्षका युवा प्रौढ भए।

एन्क्रुमाले शैक्षिक क्षेत्रमा प्रगति हासिल गरे पनि आर्थिक रूपले आफ्नो खुट्टामा उभिन सकेका थिएनन्। आफ्नै अध्ययनकै निम्ति उनले एक जहाज बनाउने ज्यासलमा मध्यरातदेखि बिहान ८ बजेसम्मको काम पाए। धपेडीको कारण उनलाई फोक्सोसम्बन्धी गम्भीर रोग लाग्यो र अस्पतालमा भर्ना गरिए।

अमेरिकामा अफ्रिकीहरूको बारेमा एन्क्रुमाले गम्भीर अध्ययन गरे। संरा अमेरिकामा गम्भीर जातिवादी भेदभाव भएको, 'समान अवसर भएको समाज' भनिए तापनि सबभन्दा अवसरबाट वञ्चित, तल्लोस्तरको मानिएको, बेरोजगारीले ग्रस्त, अत्यन्त तल्लो शैक्षिक स्तर भएको, अत्यन्त बहुमत काला जातिका मानिसहरू साह्रै अव्यवस्थित गल्ली र फोहोर ठाउँमा बस्ने गरेको थाहा पाए। कामकै खोजीमा तिनीहरू उत्तरको औद्योगिक क्षेत्रबाट तल झर्थे। वास्तवमा अमेरिकामा अफ्रिकीहरूको जीवन भनेको प्रचुरताको सागरमा गरिबीको टापु थियो। यी सबै परिस्थितिबाट एन्क्रुमाले अमेरिकी सम्पन्नताको झिलिमिली र बयान असत्य भएको थाहा पाए। उनी विलियम डु बोइसजस्ता आन्दोलनकारी र कम्युनिस्ट तथा मार्कस गार्भेजस्ता जातिवादविरोधी विश्वका हब्सी समाजका अगुवाहरूका विचार र साहित्यबाट प्रभावित भए। उनले आफ्नो देशको मुक्तिको निम्ति अमेरिकाको गणतान्त्रिक र प्रजातन्त्रवादी पार्टी, समाजवादी कम्युनिस्ट र त्रोत्स्कीवादीहरूको साहित्य र सङ्गठनबारे अध्ययन गरे। नौ भाषाका जानकार र कानुनका आचार्य, अफ्रिकी जनताका एक आन्दोलनकारी पाउल रोब्सनको साहित्य, विचार र गतिविधिसँग पनि उनी परिचित भए। एन्क्रुमा एक-एक पाइला गरेर मार्क्सवादी साहित्यसम्म पुगे।

अध्ययनका साथसाथै एन्क्रुमा अमेरिका र क्यानाडाका अफ्रिकीहरूका विभिन्न सङ्गठनहरूसँगको सम्पर्कमा रहे। दोस्रो विश्वयुद्ध चरम उत्कर्षमा थियो। जापानले पर्ल हार्बरको अमेरिकी जलसेनाको अखडामा हमला गऱ्यो, प्रशान्त महासागरमा सं.रा. अमेरिकाले आफ्नो जलसेना र हवाइसेनाको गतिविधि बढायो, रुसी लाल सेनाले पूर्व र पश्चिम दुवैतिर आत्मसमर्पण गऱ्यो। संसारभरि सोभियत सङ्घ र विश्व कम्युनिस्ट आन्दोलनको प्रभाव बढ्दै गयो। एन्क्रुमाको अन्तर्राष्ट्रिय राजनीतिको क्षितिज पनि उँचो हुँदै गयो।

***स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा***

# ड्रोन र साइबर आक्रमणबिच रुसमा संसदीय निर्वाचनको अन्तिम दिन मतदान



मस्को दक्षिणपूर्वी क्षेत्रमा एक पेट्रोलियम रिफाइनरीमा ड्रोन आक्रमणपछि उठेको आगोको लप्का सेप्टेम्बर २०, २०२६ आइतबार बिहान । *तस्बिर : युजिसी/एपी*

मस्को, २० सेप्टेम्बर (एएफपी) । युक्रेन युद्ध पाँचौं वर्षमा प्रवेश गरिरहेका बेला क्रेमलिनको सत्तामाथिको पकड थप बलियो हुने अपेक्षा गरिएको रुसी संसदीय निर्वाचनको तेस्रो तथा अन्तिम दिन आइतबार मतदान हुँदैछ ।

राष्ट्रपति भ्लादिमिर पुटिनलाई समर्थन गर्ने सत्तारुढ 'युनाइटेड रसिया' पार्टीले यसपटक पनि बहुमत हासिल गर्ने अपेक्षा गरिएको छ । सन् २००३ यता भएका सबै संसदीय निर्वाचनमा उक्त पार्टी विजयी हुँदै आएको छ ।

निर्वाचनअघि रुसको सर्वोच्च अदालतले युद्धविरोधी 'याब्लोको' पार्टीलाई सङ्घीय सूचीमार्फत चुनावमा प्रतिस्पर्धा गर्न रोक लगाएको थियो । चुनावमा सहभागी अन्य प्रमुख दलहरूले पुटिन र युक्रेनमा जारी सैन्य कारबाहीलाई समर्थन गर्छन् । यद्यपि, 'याब्लोको' का केही उम्मेदवार एकल निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गरिरहेका छन् ।

सन् २०२२ मा युक्रेनमा सैन्य कारबाही सुरु भएपछि रुसमा भएको यो पहिलो संसदीय निर्वाचन हो । यसले युद्धप्रति रुसी जनमतको केही सङ्केत दिने अपेक्षा गरिएको छ ।

पुटिनले रुसी नागरिकलाई मतदानमा सहभागी हुन आग्रह गर्दै यसलाई रुसी सेनाप्रतिको समर्थन र देशलाई कमजोर पार्न खोज्नेहरूलाई दिइने जवाफका रूपमा प्रस्तुत गरेका छन् ।

यसैबिच, मस्कोका मेयर सर्गेई सोब्यानिनले मतदानको अन्तिम दिन सुरु हुनुअघि रुसी हवाई प्रतिरक्षा प्रणालीले एक हजार ६०० भन्दा बढी ड्रोन खसालेको बताउनुभएको छ । उहाँका अनुसार तीमध्ये करिब ४५० ड्रोन मस्कोतर्फ अघि बढिरहेका थिए । उहाँले उक्त आक्रमण निर्वाचनमा अवरोध पुऱ्याउने उद्देश्यले गरिएको दाबी गर्नुभएको छ ।

रुसको तल्लो सदन 'स्टेट डुमा' का ४५० सिटका लागि भइरहेको मतदान आइतबार १८:०० जीएमटीसम्म जारी रहनेछ ।

निर्वाचनको समयमा देशमा सम्भावित सैन्य परिचालनबारे पनि चर्चा भएको छ । सन् २०२२ मा तीन लाख रिजर्भ सैनिक परिचालन गरिएपछि ठूलो सङ्ख्यामा रुसी पुरुष देश छाडेर गएका थिए । पुटिनले भने तत्काल त्यस्तो कुनै योजना नरहेको बताउनुभएको छ ।

यसैबिच, रुसकी केन्द्रीय निर्वाचन आयोगकी अध्यक्ष एला पामफिलोभाले मस्कोको विद्युतीय मतदान प्रणालीमाथि 'शक्तिशाली' साइबर आक्रमण भएको बताउनुभएको छ । उहाँका अनुसार आक्रमणकारीले सुदूरपूर्वी क्षेत्रमा सञ्चार सम्पर्क अवरुद्ध गर्ने प्रयास गरेका थिए ।

केन्द्रीय निर्वाचन आयोगका अनुसार शनिबार साँझसम्म करिब ४० प्रतिशत मतदान भएको थियो ।

# रियादमा हुथी आक्रमणपछि मध्यपूर्वमा द्वन्द्व बढ्न सक्ने अमेरिकाको चेतावनी

रियाद, २० सेप्टेम्बर (एएफपी) । यमनमा द्वन्द्व पुन: सुरु भएयता पहिलोपटक साउदी राजधानी रियादलाई लक्षित गरी क्षेप्यास्त्र आक्रमण भएको छ । आक्रमणपछि साउदी अरब र इरान-समर्थित हुथी विद्रोहीबिच द्वन्द्व थप तीव्र हुन सक्ने अमेरिकाले शनिबार चेतावनी दिएको छ ।

शनिबार बिहान रियादमा दुई पटक ठूलो विस्फोटको आवाज सुनिएको थियो । एएफपीका पत्रकारले विमानस्थलनजिकै साउदी तेल कम्पनी अरामकोको लोगो भएको इन्धन ट्याङ्कीमा आगलागी भएको देखेका थिए ।

साउदी नेतृत्वको गठबन्धनले हुथीहरूले रियादतर्फ प्रहार गरेको ब्यालिस्टिक क्षेप्यास्त्रलाई सफलतापूर्वक रोकिएको र नष्ट गरिएको जनाएको छ । गठबन्धनका अनुसार हुथीहरूले पश्चिमी साउदी अरबका विभिन्न सहरमा सैनिक तथा नागरिक पूर्वाधारलाई लक्षित गर्ने प्रयास गरेका थिए । यसमा लाल सागरस्थित साउदी तेल निर्यातको महत्त्वपूर्ण केन्द्र यान्बु बन्दरगाह पनि समावेश थियो ।

हुथी सैन्य प्रवक्ता याह्या सारीले साउदी आक्रमणको जवाफमा ब्यालिस्टिक तथा क्रुज क्षेप्यास्त्र र ड्रोन प्रयोग गरी दुईवटा सैन्य कारबाही गरिएको बताउनुभएको छ । उहाँका अनुसार एउटा आक्रमण रियादका संवेदनशील स्थल र अर्को यान्बुस्थित अरामकोका संरचनालाई लक्षित गरिएको थियो ।

रियादका बासिन्दालाई बिहान ३:०० बज्नुअघि पठाइएको सुरक्षा सूचनामा सम्भावित हवाई खतराका कारण घरभित्रै बस्न आग्रह गरिएको थियो । त्यसपछि स्थानीय बासिन्दाले राजधानीका विभिन्न भागमा विस्फोटका आवाज सुनेको बताएका छन् ।

यो घटनाअघि साउदी अरबले हुथीहरूले इस्लामको पवित्र सहर मक्कालाई लक्षित गरेको आरोप लगाएको थियो । हुथीहरूले भने उक्त आरोप अस्वीकार गर्दै त्यसलाई झूटो दाबी बताएका छन् ।

सन् २०१४ मा हुथीहरूले राजधानी साना लगायतका क्षेत्र कब्जा गरेपछि यमनमा गृहयुद्ध सुरु भएको थियो । त्यसको एक वर्षपछि साउदी नेतृत्वको गठबन्धनले सैन्य हस्तक्षेप गरेको थियो । सन् २०२२ मा भएको युद्धविराम कमजोर रूपमा कायम रहे पनि जुलाईमा पुन: द्वन्द्व चर्किएको जनाइएको छ ।

यसैबिच, अमेरिकी विदेश मन्त्रालयका अनुसार वासिङ्टनले साउदी अरबलाई सम्भावित खतराबाट जोगाउन सहयोग गर्ने उद्देश्यले २४ अर्ब ३० करोड डलर मूल्यका ४८ वटा एफ-३५ लडाकु विमान बिक्री गर्न स्वीकृति दिएको छ ।

# क्यारिबियनमा अमेरिकी सेनाको कारबाहीमा चार जना मारिए

वाशिङ्टन, २० सेप्टेम्बर (एपी) । ल्याटिन अमेरिकामा लागुऔषध तस्करीविरुद्ध ट्रम्प प्रशासनले सञ्चालन गरिरहेको अभियानअन्तर्गत अमेरिकी सेनाले शनिबार क्यारिबियन सागरमा लागुऔषध तस्करीमा प्रयोग भएको आशङ्का गरिएको एउटा डुङ्गामा आक्रमण गर्दा चार जनाको मृत्यु भएको छ ।

ट्रम्प प्रशासनले 'नार्को-आतङ्कवादी' भन्दै लक्षित गर्न थालेयता अमेरिकी सेनाले डुङ्गामाथि गरेको आक्रमणमा मारिनेको सङ्ख्या पछिल्लो घटनासहित कम्तीमा २३१ पुगेको छ । पूर्वी प्रशान्त महासागर र क्यारिबियन सागरमा भएका यस्ता ६९ वटा आक्रमणमा ती मानिस मारिएको जनाइएको छ ।

अमेरिकी दक्षिणी कमाण्ड (युएस सदर्न कमाण्ड) ले तस्करीका लागि परिचित समुद्री मार्गमा लागुऔषध तस्करलाई लक्षित गरी कारबाही गरिएको जनाएको छ । यद्यपि, आक्रमण गरिएको डुङ्गामा लागुऔषध ओसारपसार भइरहेको पुष्टि हुने प्रमाण सेनाले सार्वजनिक गरेको छैन ।

कमाण्डले सामाजिक सञ्जाल 'एक्स' मा सार्वजनिक गरेको भिडियोमा समुद्रमा अघि बढिरहेको जस्तो देखिने एउटा डुङ्गा र त्यसपछि देखिएको चम्किलो प्रकाशको दृश्य देखिन्छ ।

इक्वेडरले भने मार्चमै अमेरिकासँग सहकार्य गरी यस्तै प्रकारका सैन्य अभियान सञ्चालन गरेको थियो ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाले ल्याटिन अमेरिकामा सक्रिय लागुऔषध गिरोहसँग 'सशस्त्र द्वन्द्व' गरिरहेको बताउनुभएको छ । अमेरिकामा भित्रिने लागुऔषधको प्रवाह र अत्यधिक सेवनबाट हुने मानवीय क्षति रोक्न यी आक्रमण आवश्यक रहेको भन्दै उहाँले कारबाहीको बचाउ गर्दै आउनुभएको छ । यद्यपि, प्रशासनले आक्रमणमा मारिएका व्यक्तिहरू लागुऔषध तस्करीमा संलग्न रहेको दाबी पुष्टि गर्ने विस्तृत प्रमाण सार्वजनिक गरेको छैन ।

## विश्व सङ्क्षेप

### संयुक्त राष्ट्रसङ्घ महासभामा सहभागिता हाम्रो कानुनी अधिकार हो : इरान




तेहरान, २० सेप्टेम्बर (सिन्ह्वा) । इरानले संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभा (यूएनजीए) अधिवेशनमा सहभागी हुनु आफ्नो 'कानुनी अधिकार' भएको दाबी गरेको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले शनिबार राज्य सञ्चालित टेलिभिजन आईआरआईबीसँगको अन्तर्वार्तामा न्यूयोर्कमा हुने महासभा अधिवेशनमा इरानको सहभागिता कुनै देशले प्रदान गर्ने सुविधा वा अनुग्रह नभएको बताउनुभएको हो ।

"न्यूयोर्कमा उपस्थित हुनु इरानी प्रतिनिधिका लागि विशेष आकर्षणको विषय होइन । तर, यो त्यस्तो महत्त्वपूर्ण मञ्च हो, जसलाई हामीले छाड्नु हुँदैन," बघाईले भन्नुभयो ।

उहाँका अनुसार महासभामा सहभागी हुनु इरानको कानुनी अधिकार हो । उहाँले इरान संयुक्त राष्ट्रसङ्घका ५० संस्थापक सदस्य राष्ट्रमध्ये एक रहेको पनि उल्लेख गर्नुभयो ।

बघाईले इरानी प्रतिनिधिमण्डललाई महासभामा सहभागी हुनबाट रोक्न 'अर्को पक्ष' ले विभिन्न उपाय अपनाइरहेको आरोप लगाए । यस्तो 'अवरोध र नकारात्मक प्रचार' ले इरानलाई महासभामा आफ्नो धारणा राख्ने अधिकारबाट पछि हट्न बाध्य नपार्ने उहाँले बताउनुभयो ।

उहाँले महासभामा सहभागी भएर इरानी जनताको धारणा र देशको अडान अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्नु आफूहरूको दायित्व भएको समेत बताउनुभयो ।

यसैबिच, अमेरिकी विदेश मन्त्रालयले बिहीबार इरानको 'मुख्य प्रतिनिधिमण्डल' लाई यूएनजीएमा सहभागी हुन भिसा जारी गर्ने जनाएको छ । अमेरिकी विदेश मन्त्रालयका अनुसार यो निर्णय संयुक्त राष्ट्रसङ्घको आयोजक राष्ट्रका रूपमा अमेरिकाको दायित्वअनुसार गरिएको हो ।

अमेरिकी पक्षले यस वर्षको इरानी प्रतिनिधिमण्डल गत वर्षको तुलनामा सानो हुने जनाएको छ ।

### दक्षिण फिलिपिन्समा सुरक्षाकर्मीसँगको झडपमा ६ जना मारिए

मनिला, २० सेप्टेम्बर (सिन्ह्वा) । दक्षिण फिलिपिन्सको बाङसामोरो अटोनोमस रिजन इन मुस्लिम मिन्डानाओमा शनिबार फिलिपिनी सेना र प्रहरीसँग भएको झडपमा छ जना सशस्त्र व्यक्ति मारिएका छन् ।

हत्यासहित सवारी साधन चोरी (कान्यार्पिङ) को आरोप लागेका एक संदिग्धलाई पक्राउ गर्न सरकारी सुरक्षाकर्मी घटनास्थल पुगेका थिए । त्यस क्रममा ती संदिग्ध र उनका सहयोगीहरूले सुरक्षाकर्मीमाथि गोली चलाएपछि दोहोरो गोली हानाहान भएको अधिकारीले बताएका छन् ।

झडपमा छ जना सशस्त्र व्यक्ति मारिएको र घटनास्थलबाट पाँच थान राइफल बरामद गरिएको सरकारी अधिकारीले जनाएका छन् ।

घटनापछि सुरक्षा जोखिमका कारण करिब ३५० स्थानीय बासिन्दा अस्थायी रूपमा आफ्नो बस्तीबाट विस्थापित भएका छन् ।

# नागरिक संरचनामाथिको आक्रमणमा आईसीसीसँग सहयोग माग

त्रिपोली, २० सेप्टेम्बर (सिन्ह्वा) । लिबियाको राष्ट्रपति परिषद्ले राजधानी त्रिपोली र पश्चिमी सहर जावियामा रहेका महत्त्वपूर्ण नागरिक संरचनामाथि भएका आक्रमणको अनुसन्धानमा सहयोग गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) सँग औपचारिक आग्रह गरेको छ ।

शनिबार अबेर जारी गरिएको विज्ञप्तिमा उक्त आग्रहको उद्देश्य लिबियाली अधिकारीहरूले गरिरहेको अनुसन्धानमा प्राविधिक, कानुनी तथा न्यायिक सहयोग प्राप्त गर्नु, अनुसन्धानको भार बाँड्नु, घटनाको वास्तविकता पत्ता लगाउनु र दोषीको पहिचान गर्नु रहेको उल्लेख छ ।

सम्बन्धित लिबियाली निकायको प्रारम्भिक अनुसन्धानले आक्रमणहरू इन्धन भण्डारण केन्द्र र विद्युत् केन्द्रलगायत नागरिक पूर्वाधारलाई लक्षित गरी बनाइएको बृहत् योजनाको हिस्सा भएको देखाएको परिषद्ले जनाएको छ । ती आक्रमणले सर्वसाधारणको जीवनलाई समेत जोखिममा पारेको जनाइएको छ ।

परिषद्का अनुसार सुरक्षा निकाय र राष्ट्रिय सुरक्षा प्राधिकरणले केही आक्रमणका प्रयासलाई नियन्त्रणमा लिएका छन् भने अन्य केही आक्रमणलाई कार्यान्वयन हुनबाट रोकेका छन् ।

लिबियाली अधिकारीहरूको प्रारम्भिक कानुनी मूल्याङ्कनअनुसार घटनाको प्रकृति, गम्भीरता र परिस्थितिका आधारमा ती घटना 'मानवताविरुद्धको अपराध' वा 'नरसंहार' को श्रेणीमा पर्न सक्ने जनाइएको छ ।

यसै महिनाको सुरुमा अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त लिबियाको राष्ट्रिय एकता सरकारले त्रिपोली र जावियामा रहेका तेल तथा विद्युत् संरचनामा आत्मघाती ड्रोन आक्रमण गरेको आरोपमा पाँच लिबियाली तथा विदेशी नागरिकलाई पक्राउ गरिएको जनाएको थियो ।

सरकारले घटनामा संलग्न अन्य व्यक्ति तथा आक्रमणको योजना बनाउने, आर्थिक सहयोग गर्ने वा अन्य किसिमले समर्थन गर्ने पक्षको पहिचान गर्न अनुसन्धान जारी रहेको बताएको छ ।

# प्यालेस्टिनी प्रतिनिधिमण्डलमाथि लगाइएको यात्रा प्रतिबन्ध हटाउन युरोपेली सङ्घको अमेरिकालाई आग्रह

*(संयुक्त राष्ट्रसङ्घको महासभाले प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासलाई पूर्व-रेकर्ड गरिएको भिडियोमार्फत सम्बोधन गर्न अनुमति दिनेछ ।)*

युरोपेली सङ्घले न्युयोर्कमा हुने संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन चाहने प्यालेस्टिनी प्राधिकरण (पिए) का अधिकारीहरूलाई संयुक्त राज्य अमेरिकाले लगातार दोस्रो वर्ष पनि भिसा नदिएकोमा दुःख व्यक्त गर्दै उक्त निर्णयमा पुनर्विचार गर्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासलाई आगामी ८१ औँ अधिवेशनमा पूर्व-रेकर्ड गरिएको मन्तव्यमार्फत सम्बोधन गर्न अनुमति दिने निर्णय गरेको केही दिनमै शनिबार यो विज्ञप्ति आएको हो ।

"संयुक्त राष्ट्रसङ्घसँगको विद्यमान मुख्यालयसम्बन्धी सम्झौता र आयोजक राष्ट्रका रूपमा रहेका दायित्वहरूलाई मध्यनजर गर्दै, हामी संयुक्त राज्य अमेरिकालाई यस निर्णयमा पुनर्विचार गर्न आग्रह गर्दछौँ," युरोपेली सङ्घको कूटनीतिक सेवाका प्रवक्ता अनौआर एल अनौनीले भने ।

शुक्रबार, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि वासिङ्टनको निर्णयप्रति खेद व्यक्त गर्दै "संयुक्त राष्ट्रसङ्घको कामकारबाहीमा पूर्ण रूपमा सहभागी हुने प्यालेस्टिन राज्यको क्षमता" मा पर्ने प्रभावबारे आफू चिन्तित रहेको बताए ।

अमेरिकी विदेश मन्त्रालयले बुधबार पिएका अधिकारीहरू र प्यालेस्टिन मुक्ति सङ्गठन (पिएलओ) का सदस्यहरूमाथि लगाइएको भिसा प्रतिबन्ध लम्ब्याउने घोषणा गरेको थियो ।

"संयुक्त राज्य अमेरिकासँग गरेका प्रतिबद्धताविपरीत सुधार गर्न असफल हुनु तथा शान्तिको सम्भावनालाई कमजोर पार्ने खालका निरन्तर गतिविधिहरूका कारण, संयुक्त राज्य अमेरिकाले पिएलओका सदस्यहरू र पिएका अधिकारीहरूलाई भिसा नदिने गरी लगाइएका प्रतिबन्धलाई निरन्तरता दिनेछ," विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ ।

विभागले प्यालेस्टिन राज्यको अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न प्रत्यक्ष वार्ताको प्रक्रियालाई बाइपास गरेर पिएले अमेरिकी कानुनको उल्लङ्घन गरेको आरोप लगायो ।

विभागले इजरायलसँगको विवाद अन्तर्राष्ट्रिय अदालतमा लैजाने पिएको निर्णय तथा अमेरिका र इजरायलले दोषी ठहरिएका आक्रमणकारी भनी किटान गरेका व्यक्तिहरू र तिनका परिवारलाई दिइने आर्थिक सहयोगको पनि उल्लेख गरेको छ ।

गाजामा कथित युद्ध अपराधको आरोपमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरे पनि, कुनै पनि इजरायली अधिकारीले अमेरिकाको तर्फबाट यस्तै प्रकारको यात्रा प्रतिबन्धको सामना गर्नुपरेको छैन ।

गत वर्ष बेलायत, फ्रान्स, क्यानाडा र अन्य पश्चिमी राष्ट्रहरूबाट प्राप्त औपचारिक मान्यताको जगमा उभिएर, यस वर्ष अब्बासको सम्बोधनले प्यालेस्टिनी राज्यको अन्तर्राष्ट्रिय मान्यताका लागि जोड दिने तथा 'दुई-राज्य समाधान' को प्रयासलाई पुनः गति दिने अपेक्षा गरिएको थियो ।

उनको सम्बोधनले गाजामा देखिएको गम्भीर मानवीय सङ्कटका साथै कब्जा गरिएको पश्चिम किनारा (West Bank) भरि भइरहेको गैरकानुनी इजरायली बस्तीहरूको तीव्र विस्तार र त्यहाँका बासिन्दाहरूमाथि इजरायलीहरूद्वारा गरिने हिंसात्मक आक्रमणहरूलाई पनि उजागर गर्नेछ ।

प्यालेस्टिनको विदेश तथा आप्रवासी मामिला मन्त्रालयले विहीबार पारित संयुक्त राष्ट्रसङ्घको प्रस्तावलाई स्वागत गरेको छ; उक्त प्रस्तावले अब्बासलाई अर्को साता महासभालाई सम्बोधन गर्ने अनुमति दिएको छ र मन्त्रालयले यसलाई संयुक्त राष्ट्रसङ्घको महासभाको वार्षिक सत्रमा प्यालेस्टिनको सहभागिता रोक्ने प्रयासलाई विफल पार्ने कार्यका रूपमा लिएको छ ।

***- 'अल् जजीरा' बाट***

# विद्यालयको पहुँचमै छैनन् २७ हजार बालबालिका

**✍ टिकाराम सुनार**



सुदूरपश्चिम । सुदूरपश्चिममा विद्यालय प्रवेश गर्ने बालबालिकाको सङ्ख्या धेरै भए पनि सबै विद्यार्थीको शैक्षिक यात्रा माथिल्लो कक्षासम्म पुग्न सकेको छैन । यहाँ अझै पाँचदेखि १२ वर्ष उमेर समूहका करिब २७ हजार बालबालिका अझै विद्यालय बाहिर छन् । यस्तै, विद्यालयमा रहेका विद्यार्थीको तहगत सङ्ख्या, विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने र माथिल्लो कक्षामा उक्लिने दरले पनि विद्यालयमा प्रवेश गरेपछि विद्यार्थीलाई निरन्तरता दिन चुनौती रहेको देखाएको छ ।

प्रदेशको सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा निर्देशनालयको तथ्याङ्कले कक्षा १-१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या २०८० सालमा सात लाख ४४ हजार ६५१ रहेकामा २०८१ सालमा सात लाख २५ हजार ६२७ र २०८२ सालमा सात लाख चार हजार ६९२ मा झरेको देखाउँछन् । यसले दुई वर्षमा विद्यार्थी सङ्ख्या ३९ हजार ९५९ ले घटेको र माथिल्लो कक्षामा विद्यार्थीको निरन्तरताको चुनौती रहेको प्रस्ट पारेको छ । विसं २०८२ मा कक्षा १-५ मा तीन लाख ३४ हजार ९७७ विद्यार्थी रहेकामा कक्षा ६-८ मा एक लाख ९५ हजार ७५२, कक्षा ९-१० मा एक लाख ९९२ र कक्षा ११-१२ मा ६४ हजार ७०० विद्यार्थी छन् । यसरी आधारभूत तहबाट माध्यमिक तहको माथिल्लो कक्षामा पुग्दा विद्यार्थीको सङ्ख्या उल्लेख्य रूपमा घट्दै गएको विवरणमा उल्लेख छ ।

कक्षा ९-१० मा पनि २०८० सालको एक लाख १४ हजार २७७ विद्यार्थीबाट २०८२ सालमा एक लाख ९९२ मा झरेको छ । कक्षा ११-१२ को विद्यार्थी सङ्ख्या भने सोही अवधिमा ७७ हजार ७७१ बाट घटेर ६४ हजार ७०० पुगेको छ । दुई वर्षमा कक्षा ११-१२ को विद्यार्थी सङ्ख्या १३ हजार ७१ अर्थात् करिब १७ प्रतिशतले घटेको हो । सामाजिक विकास मन्त्रालयका शिक्षा निर्देशक उपसचिव जयदेव महरा यी तथ्याङ्कले बालबालिकालाई विद्यालय भित्र्याउनेसँगै भर्ना भएका विद्यार्थीलाई टिकाउने, सिकाउने र माथिल्लो तहसम्म पुऱ्याउने चुनौती देखाएको बताउनुहुन्छ ।

**कक्षा बढ्दै जाँदा निरन्तरताको खाडल**

प्रदेश शिक्षा निर्देशनालयका अनुसार सुदूरपश्चिममा कक्षा ५ सम्मको निरन्तरता दर ८५ दशमलव पाँच प्रतिशत र कक्षा ८ सम्मको ७९ दशमलव एक प्रतिशत छ । कक्षा ८ सम्मको यो दर राष्ट्रिय औसत ७९ दशमलव आठ प्रतिशतभन्दा केही कम हो । माथिल्लो तहमा पुग्दा खुद भर्नादरको अन्तर अझ फराकिलो बन्दै जाने गरेको विवरणमा उल्लेख छ । सन् २०२५/२६ को शैक्षिक सूचकअनुसार सुदूरपश्चिममा कक्षा ९-१० को खुद भर्नादर ६९ दशमलव तीन प्रतिशत र कक्षा ११-१२ को २९ दशमलव तीन प्रतिशत छ । राष्ट्रिय स्तरमा यी दर क्रमशः ७३ दशमलव छ र ३५ दशमलव एक प्रतिशत छन् ।

जिल्लागत रूपमा कक्षा ११-१२ को खुद भर्नादरमा पनि ठुलो अन्तर छ । डोटीमा १३ दशमलव सात प्रतिशत, डडेल्धुरामा १६ प्रतिशत र दार्चुलामा २१ दशमलव सात प्रतिशत हुँदा कैलालीमा ३४ दशमलव तीन र कञ्चनपुरमा ३२ दशमलव नौ प्रतिशत छ । शिक्षा निर्देशनालयका महानिर्देशक दुर्गादत्त विष्टले आधारभूत तहमा विद्यालयमा रहेका विद्यार्थीलाई माध्यमिक तहको माथिल्लो कक्षासम्म पुऱ्याउनु प्रदेशका लागि ठुलो चुनौतीका रूपमा देखिएकाले अब त्यहीअनुसार सम्बोधनको प्रयास आवश्यक रहेको बताउनुभयो ।

**समस्या कक्षा १ बाटै सुरु हुन्छ**

विद्यार्थीको निरन्तरतामा देखिएको समस्या माथिल्लो तहमा मात्र नभई कक्षा एकबाटै सुरु हुने गरेको प्रदेशको पछिल्लो शैक्षिक तथ्याङ्कले देखाएको छ । त्यसआधारमा यहाँ कक्षा १ मै विद्यालय छाड्ने दर ११ दशमलव सात प्रतिशत छ । कक्षा १-५ मा आठ दशमलव पाँच, कक्षा ६-८ मा चार दशमलव नौ र कक्षा ९-१० मा चार दशमलव आठ प्रतिशत विद्यार्थीले विद्यालय छाड्ने गरेका छन् । कक्षा १ को विद्यालय छाड्ने दर राष्ट्रिय औसत नौ दशमलव एक प्रतिशतभन्दा दुई दशमलव छ प्रतिशत बिन्दुले बढी छ । कक्षा ६-८ मा भने प्रदेशको दर राष्ट्रिय औसत पाँच दशमलव चार प्रतिशतभन्दा कम छ । यसले प्रारम्भिक कक्षामै विद्यार्थीलाई विद्यालयमा टिकाइराख्ने विषयमा विशेष ध्यान आवश्यक रहेको देखाउँछ ।

विद्यालय छाड्नुका साथै एउटै कक्षा दोहोऱ्याउने दर पनि प्रारम्भिक तहमा उच्च छ । कक्षा १ मा १९ दशमलव तीन प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका छन् । कक्षा १-५ मा ११ दशमलव तीन, कक्षा ६-८ मा १२ दशमलव पाँच र कक्षा ९-१० मा चार दशमलव दुई प्रतिशत छ । कक्षा १ को कक्षा दोहोऱ्याउने दर राष्ट्रिय औसत १३ प्रतिशतभन्दा छ दशमलव तीन प्रतिशत बिन्दुले बढी हो । कक्षा १-५ र ६-८ को दर पनि राष्ट्रिय औसतभन्दा बढी छ । प्रदेशमा कक्षा उक्लिने दरमा पनि समस्या देखिएको छ । कक्षा १ बाट दुईमा उक्लिने दर सुदूरपश्चिममा ६९ दशमलव एक प्रतिशत छ भने राष्ट्रिय दर ७८ प्रतिशत छ । कक्षा १-५ मा प्रदेशको दर ८० दशमलव दुई र राष्ट्रिय ८३ प्रतिशत तथा कक्षा ६-८ मा प्रदेशको ८२ दशमलव छ र राष्ट्रिय ८७ दशमलव चार प्रतिशत छ ।

**विद्यालयबाहिरै छन् २७ हजार**

प्रदेशमा विद्यालयमै नपुगेका बालबालिकाको सङ्ख्या पनि ठुलो छ । विसं २०८२ को तथ्याङ्कअनुसार पाँचदेखि १२ वर्ष उमेर समूहका २६ हजार ९८५ बालबालिका विद्यालय बाहिर छन् । जिल्लागत रूपमा सबैभन्दा बढी कैलालीमा नौ हजार नौ बालबालिका विद्यालय बाहिर छन् । यस्तै कञ्चनपुरमा चार हजार ९१०, अछाममा दुई हजार ४८२, डोटीमा दुई हजार २०९, बैतडीमा दुई हजार २०० र बझाङमा दुई हजार १३८ जना छन् । बाजुरामा एक हजार ५४५, दार्चुलामा एक हजार २७२ र डडेल्धुरामा एक हजार २२० जना विद्यालय बाहिर छन् ।

कैलाली र कञ्चनपुरमा मात्रै विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या १३ हजार ९१९ छ, जुन प्रदेशको कुल सङ्ख्याको आधाभन्दा बढी हो । यसले विद्यालय बाहिर रहेका बालबालिकाको समस्या दुर्गम पहाडी जिल्लामा मात्र सीमित नरहेको देखाउँछ । जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ कैलालीका प्रमुख जीवन न्यौपाने कैलाली-कञ्चनपुरमा जनसङ्ख्याको चाप बढी भएकाले विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या पनि बढी देखिएको बताउनुहुन्छ । तर, आर्थिक अवस्था, रोजगारी, शिक्षाप्रतिको लगाव र चेतनालगायत बहुआयामिक कारणले शिक्षा क्षेत्रमा समस्या रहेको उहाँ बताउनुहुन्छ । "यहाँ जनसङ्ख्याको चाप पनि बढी छ । त्यससँग बहुआयामिक समस्या पनि जोडिएका छन् । आर्थिक अवस्था, रोजगारी, शिक्षाप्रतिको लगाव, चेतनालगायत कारणले शिक्षा क्षेत्रमा विविध समस्या छन् । ठुलो सङ्ख्यामा बालबालिका विद्यालय बाहिर रहनु गम्भीर समस्या हो । यसका कारण र समाधानका लागि सबै गम्भीर बन्नुपर्ने आवश्यकता छ," उहाँले भन्नुभयो ।

जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ कञ्चनपुरका प्रमुख दीपकराज कलौनीले स्थानीय तहसँग मिलेर विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्न प्रयास भइरहेको बताउनुभयो । उहाँले संविधानले तीनै तहका अधिकारबारे प्रस्ट व्यवस्था गरेकाले सोही अधिकार समन्वय एकाइ र जिल्लामा रहेका स्थानीय तहले कार्ययोजना बनाएर काम गरे पनि अभिभावकलाई थप जिम्मेवार बनाउने गरी क्रियाशील हुनैपर्ने आवश्यकता बोध गरिएको बताउनुभयो ।

**तराईका १० पालिकामा बढी समस्या**

धेरै बालबालिका विद्यालयबाहिर रहेका स्थानीय तह पनि कैलाली र कञ्चनपुरमै छन् । प्रदेशको एकमात्र उपमहानगरपालिका धनगढीमा पाँचदेखि १२ वर्ष उमेर समूहका एक हजार ८२५ बालबालिका अझै विद्यालयको पहुँचमा आउन सकेका छैनन् । त्यसपछि गोदावरी नगरपालिकामा एक हजार ४२२, लम्कीचुहा नगरपालिकामा एक हजार २२९, भीमदत्त नगरपालिकामा एक हजार २२७, कृष्णपुरमा ९१३, टीकापुरमा ८८३, घोडाघोडीमा ८४०, गौरीगङ्गामा ६९१, पुनर्वासमा ६०८ र बेदकोटमा ५२३ जना बालबालिका विद्यालयबाहिर रहेका छन् ।

सामाजिक विकास मन्त्रालयका निर्देशक महरा जनसङ्ख्या बढी भएकाले यी स्थानीय तहमा सङ्ख्या बढी देखिनसक्ने भए पनि सुगम मानिएका कैलाली-कञ्चनपुरमै विद्यालय बाहिर धेरै बालबालिका रहेको देखिनु थप अध्ययनको विषय भएको बताउनुहुन्छ ।

"आधारभूत तहको शिक्षासम्बन्धी अधिकार स्थानीय तहको प्रत्यक्ष सरोकार भएकाले स्थानीय सरकार यसमा गम्भीर बन्नुपर्ने आवश्यकता छ । त्यसमा प्रदेश तथा सङ्घीय सरकारले पनि थप गम्भीरताका साथ सहयोग गर्नुपर्ने देखिन्छ," उहाँले भन्नुभयो ।

गोदावरी नगरपालिकाका शिक्षा शाखा प्रमुख वरिष्ठ शिक्षा निर्देशक हरिश पन्त पालिकामा रहेका शिक्षासम्बन्धी समस्या समाधानका लागि रणनीति निर्माणको काम भइरहेको बताउनुहुन्छ । वडा तहबाट वास्तविक समस्या पहिचान गर्ने र त्यसका आधारमा थप क्रियाकलाप अघि बढाउने काम भइरहेको उहाँले बताउनुभयो ।

**अबको बाटो : पहुँच वृद्धि र निरन्तर सिकाइ**

प्रदेश शिक्षा निर्देशनालयका महानिर्देशक विष्ट करिब २७ हजार बालबालिका विद्यालयको पहुँचमा नरहनु तीनै तहका सरकार तथा शिक्षा क्षेत्रका सरोकारवालाका लागि चिन्ताको विषय भएको बताउनुहुन्छ । विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनुका साथै विद्यालयमा रहेका विद्यार्थीलाई माथिल्लो तहसम्म टिकाउने काम पनि उत्तिकै महत्त्वपूर्ण भएकाले सबैले मिलेर काम गर्नुपर्नेमा उहाँको जोड छ ।

सामाजिक विकास मन्त्रालयका निर्देशक महराले शिक्षा क्षेत्रमा रहेका समस्या समाधानका लागि प्रदेश सरकारले विभिन्न कोणबाट पहल गरिरहेको बताउनुभएको छ । उहाँले अभिभावकविहीन, अपाङ्गता भएका, समस्यामा परेका तथा सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरी छात्रवृत्ति, आवासीय विद्यालय र विशेष विद्यालयजस्ता कार्यक्रम सञ्चालन गर्न थालिएको बताउनुभयो । "हाम्रो ध्येय हाल देखिएका सबै समस्याका कारण, परिणाम र समाधानका लागि सरोकार भएका सबैले मिलेर काम गर्नुपर्ने आवश्यकता छ । प्रदेश सरकार एक्लैले सबै समस्याको समाधान गर्नसक्दैन, संविधानप्रदत्त शिक्षाको हक कार्यान्वयनका लागि स्रोतसाधनले भ्याएसम्म हामीले काम गरिरहेका छौँ," निर्देशक महराले भन्नुभयो ।

यहाँ शिक्षामा बहुआयामिक समस्या छन् । एउटा समूह विद्यालयको पहुँचमै पुगेको छैन । विद्यालय पुगेको अर्को समूह प्रारम्भिक कक्षाबाट हराइरहेको छ । अर्को समूह कक्षा दोहोऱ्याइरहेको छ । आधारभूत तह पार गरेको ठुलो समूह माध्यमिक तहको माथिल्लो कक्षासम्म पुग्न सकेको छैन । यी सबै पक्षलाई हेरेर तीनै तहका सरकार र विकास साझेदारहरूले पनि आफ्नो रणनीति बनाउनुपर्ने देखिएको छ ।

त्यसका लागि संविधान र प्रचलित कानुनले सुनिश्चित गरेको शिक्षाको हक कार्यान्वयनका लागि तीनै तहका सरकारबिच जिम्मेवारी र समन्वयको निरन्तर समीक्षा आवश्यक छ । विद्यालय बाहिर रहेका बालबालिकाको पहिचानदेखि विद्यालयमा टिकाइ, सिकाइको गुणस्तर र माध्यमिक तहसम्मको निरन्तरतासम्म स्थानीय, प्रदेश र सङ्घीय सरकारका कार्यक्रमबिच समन्वय आवश्यक छ । नागरिकको शिक्षा पाउने हक बृहत् मानव अधिकारको विषयसमेत भएकाले यसको प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोग, संसद्का विषयगत समिति नियमन र अनुगमनकारी भूमिका पनि महत्त्वपूर्ण हुने जानकारहरू बताउँछन् । यी निकायले आफ्ना संयन्त्रमार्फत राज्यका निकायलाई थप जिम्मेवार बनाउने र अभिभावकको कर्तव्यपालनाका लागि जागरुक बनाउन लाग्नुपर्ने जरुरी छ । ***रासस***

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १२२

भदौ २३ गते सङ्घीय संसद् भवनमा गोली प्रहार भएको घटनापछिका दिनहरूमा काठमाडौंलगायत देशका विभिन्न स्थानहरूमा भएका लुटपाट, आगजनी, तोडफोडका घटनाहरू शान्तिपूर्ण युवा आन्दोलन नभई त्यसको आडमा भएका आपराधिक गतिविधिहरू हुन् भन्ने आयोगको ठहर छ ।

भदौ २४ गते बिहानैदेखि सङ्घीय संसद् भवन बानेश्वर आसपासको क्षेत्रमा ठूलो सङ्ख्यामा प्रदर्शनकारीहरूले कर्फ्युको अवज्ञा गर्दै सुरक्षाबलको प्रतिकारका बाबजुद संसद् भवन परिसरमा प्रवेश गरी भीषण आगजनी र तोडफोड गरे ।

भदौ २४ गते तोडफोड, लुटपाट र आगजनी संसद् भवनसम्म मात्र सीमित नभई काठमाडौं उपत्यकाभरि र काठमाडौं बाहिर देशैभरि फैलियो । काठमाडौं उपत्यकामा संसद् भवनपछि सिंहदरबार मुख्य निशानामा परेको थियो । सिंहदरबारभित्र रहेका मन्त्रालयहरू र सिंहदरबार बाहिर रहेका सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रपति भवन शीतलनिवास, प्रधानमन्त्री निवास बालुवाटार, मन्त्री निवास भैंसेपाटी ललितपुर, उपत्यकाभित्र र उपत्यकाबाहिरका केही तारे होटलहरू, राजनैतिक दलका पार्टी कार्यालयहरू, व्यापारिक प्रतिष्ठानहरू, राजनीतिकर्मी, राष्ट्रसेवक कर्मचारीहरू र व्यक्तिका बासस्थानहरू काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा रहेका जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय, प्रहरी चौकी, प्रहरी पोस्ट विभिन्न सरकारी कार्यालयहरू, व्यक्तिगत सम्पत्तिहरू लगायतमा तोडफोड, लुटपाट र आगजनी गरियो ।

त्यही दिन सामाजिक सञ्जालमार्फत तोडफोड र लुटपाटका घटनाहरूको असर देशमा मेचीदेखि महाकालीसम्मका क्षेत्रहरूमा फैलियो । खासगरी १८ जिल्लामा प्रदेश सरकारका भवनहरू, अन्य सरकारी तथा स्थानीय सरकारका भवनहरूमा बढी क्षति हुन गएको देखिन्छ ।

भदौ २४ गतेको घटनामा प्रहरी वृत्त र चौकीहरूमा आगजनी/तोडफोड मात्र भएन, ठूलो मात्रामा प्रहरीका हातहतियार, गोलीगट्ठा, सञ्चार साधन, सवारी साधन र प्रहरी कर्मचारीहरूको व्यक्तिगत सम्पत्ति पनि लुटियो ।

भदौ २४ गते उपत्यकालगायत देशका विभिन्न भागमा यति ठूलो सङ्ख्यामा एकै दिन भएको घटना नेपालको इतिहासमा पहिलो हो । भदौ २४ गते एउटै समयमा विभिन्न सरकारी भवन, प्रहरी पोस्ट, व्यवसायिक प्रतिष्ठान, निजी बासस्थान, विभिन्न राजनैतिक दलका पार्टी कार्यालयहरू तोडफोड, आगजनी र लुटपाट हुँदा देशभरि एकैचोटि प्रहरी परिचालन गरी शान्ति सुरक्षा कायम गर्न सक्ने अवस्था सम्भव थिएन र नेपाल प्रहरीको सपोर्टको लागि नेपाली सेना र सशस्त्र प्रहरी बल देशभरिका अधिकांश स्थानहरूमा निष्कृय देखिन्थे ।

सुरक्षा निकायहरूबाट बल प्रयोग गर्दा धेरै ठूलो सङ्ख्यामा हताहत र मानवीय क्षतिसमेत हुने आकलन गरी न्यूनतम बल प्रयोग गर्ने, परिस्थिति बिग्रिन गए प्रहरी कर्मचारीहरू सुरक्षित भई हातहतियार, गोलीगट्ठा, असबाबका सामानहरूसमेत सुरक्षित स्थानमा लाने भनी निर्देशन आएको थियो । सोही निर्देशनबमोजिम केही स्थानका प्रहरी एकाइहरू प्रहरी कर्मचारीहरूले आफ्नै बलबुत्ताले सुरक्षित राख्न सकेको देखिन्छ । काठमाडौं उपत्यकाका धेरै प्रहरी एकाइहरूमा तोडफोड, आगजनी र लुटपाट हुन थालेपछि ती प्रहरी एकाइमा कार्यरत प्रहरी कर्मचारीहरूले हिरासत कक्षमा रहेका थुनुवाहरूलाई हाजिरी जमानीमा छोडी हातहतियार सुरक्षित राख्न सकेको देखिन्छ । काठमाडौं उपत्यकाभित्रका केही प्रहरी एकाइहरूमा भने हातहतियार, गोलीगट्ठा, असबाब, सञ्चार साधन र सवारी साधन बचाउन सकेको देखिँदैन । प्रहरी वृत्त महाराजगञ्ज र प्रहरी प्रभाग कोटेश्वरमा प्रदर्शनकारीहरूले तोडफोड, लुटपाट र आगजनी गरी प्रहरीमाथि आक्रमण गरी महाराजगञ्जमा २ जना र कोटेश्वरमा १ जना प्रहरी कर्मचारीलाई अमानवीय तरिकाबाट कुटपिट गरी घाइते बनाई कर्तव्य गरी मारेको घटनास्थलको प्रकृति मुचुल्का, लासजाँच मुचुल्का र शवपरीक्षण प्रतिवेदनलगायतका सङ्कलित प्रमाणबाट र आयोगका पदाधिकारीहरूको स्थलगत अनुगमनको क्रममा खुल्न आएको छ । उक्त दिन काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयलगायत ३९ प्रहरी वृत्त, प्रभाग, चौकी, पोस्टमा लुटपाट, आगजनी र तोडफोड भयो । सोही दिन देशभरि भएको मृतक, घाइतेहरू र भौतिक क्षतिसमेतको विवरण क्रमश: अनुसूची २, ३ र ४ मा उल्लेख गरिएको छ ।

भदौ २४ गते नेपाल प्रहरीले आफ्नो कार्यालय छोडेर हिँडेपछि उक्त क्षेत्रमा राज्यको प्रत्यक्ष उपस्थितिमा शून्यता (Vaccum) सृजना भयो । जसका कारणबाट भिड मनोविज्ञानमा अब हाम्रो जित भयो, हामीले जे गरे पनि हुन्छ, अब कोही पनि आउँदैन भन्ने बलियो आत्मविश्वास बढ्न गएको देखिन्छ । हतारमा प्रहरी एकाइहरू छोड्दा हातहतियार, गोलीगट्ठाहरूलाई नष्ट/निष्प्रभावी नगरी असुरक्षित रूपले छोडी जाँदा Non State Actor को हातमा हातहतियार र गोलीगट्ठाजस्तो राज्यको एकाधिकारमा रहनुपर्ने वस्तुको अतिक्रमण भई सार्वजनिक सम्पत्ति, सरकारी र निजी संरचना तथा सुरक्षा प्रतिष्ठानहरू लक्षित आक्रमणहरू तीव्र भई हिंसात्मक गतिविधिको नियन्त्रणमा सरकार पूर्णरूपमा असफल रह्यो ।

# बाढी प्रभावितलाई चिनियाँ सहयोग

काठमाडौं, ४ असोज । भोटेकोसी बाढीबाट प्रभावितहरूलाई दैनिक उपभोगका अत्यावश्यक सामग्री प्रदान गर्ने क्रम जारी छ । ग्रामीण विकाससम्बन्धी चिनियाँ संस्था 'चीन फाउन्डेसन फर रुरल डेभलपमेन्ट' ले रसुवा र नुवाकोटका बाढी प्रभावित समुदायलाई आवश्यक राहत सामग्री वितरण थालेको छ ।

फाउन्डेसनका टोलीले रसुवाको कालिका गाउँपालिका र नुवाकोटको विदुर नगरपालिकाका दुर्गम र बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य तथा पोषणको अवस्था स्थिर बनाउन आवश्यक सामग्री पुऱ्याउने कार्यलाई तीव्रता दिएको छ ।

बाढीबाट प्रभावित समुदायको पुन:स्थापना तथा सामान्य अवस्थामा फर्किने प्रक्रिया लामो हुने भएकाले तत्काल स्वास्थ्य र पोषणको आवश्यकता सम्बोधनलाई प्राथमिकतामा राखिएको फाउन्डेसनले जनाएको छ ।

फाउन्डेसनका अनुसार प्रभावित परिवारलाई आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले राहत सामग्री वितरण कार्य जारी रहेको छ । विशेषगरी बाढीबाट बढी प्रभावित र पहुँच कठिन भएका बस्तीमा सामग्री छिटो पुऱ्याउन टोलीले समन्वय गरिरहेको छ । फाउन्डेसनले खाद्य तथा स्वास्थ्य सामग्रीका साथै ४४९ थान सौर्यबत्ती प्रदान गरेको छ ।

यसैबीच, चीनको मौसम विज्ञान प्रशासनले जलवायु पूर्वानुमानसम्बन्धी सूचना नेपाल सरकारलाई निरन्तर उपलब्ध गराउँदै आएको जनाएको छ । **(रासस)**

# भोटेकोसी बाढीमा एक हजार ४३६ शव भेटिए

काठमाडौं, ४ असोज । भोटेकोसी बाढीमा परी ज्यान गुमाएकाहरूमध्ये एक हजार ४३६ जनाको शव फेला परेको छ । नेपाल प्रहरीका अनुसार आइतबार बिहान ११:०० बजेसम्म रसुवामा २२३, नुवाकोटमा २०३, धादिङमा ७२, चितवनमा ३६५, गोरखामा ७९, तनहुँमा ३८, नवलपरासी पूर्वमा २३२ र नवलपरासी पश्चिममा २२२ गरी एक हजार ४३४ शव फेला परेका हुन् ।

फेला परेका शव पहिचानका लागि 'डिएनए' नमुना सङ्कलन गरी हालसम्म एक हजार २९२ शव व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ । शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ९९७ गरी कुल तीन हजार २८३ वटा डिएनए नमुना सङ्कलन गरिएको छ । पहिचान नभएको एक हजार ३६२ शवको विवरण प्रहरीको वेबसाइटमा अपलोड गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण, शव व्यवस्थापनलगायतका लागि हालसम्म सात हजार ९७५ प्रहरी परिचालन गरिएको छ । बेपत्ता भएका चार हजार ६५५ जनाको खोजी भइरहेको छ ।

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधिताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# इरान युद्धको लागत बढ्दै
# अमेरिकाको खर्च ४३ अर्ब ६० करोड डलर पार

वासिङ्टन, २० सेप्टेम्बर (एपी) । इरानसँग जारी युद्धमा अमेरिकी सेनाको खर्च बढेर ४३ अर्ब ६० करोड अमेरिकी डलर पुगेको छ । अमेरिकी सेन्ट्रल कमान्डले अमेरिकी सांसदहरूलाई उपलब्ध गराएको पछिल्लो अनुमानअनुसार सेप्टेम्बर ३ सम्ममा युद्धसम्बन्धी अमेरिकी सैन्य खर्च उक्त रकम पुगेको हो ।

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानविरुद्ध सैन्य कारबाही सुरु गरेयता युद्धको आर्थिक भार निरन्तर बढिरहेको छ । पछिल्लो अनुमानले केही सातामै अमेरिकी सैन्य खर्च उल्लेखनीय रूपमा बढेको देखाएको छ ।

यसअघि अमेरिकी कङ्ग्रेसनल बजेट कार्यालयले अगस्ट १ सम्ममा इरान युद्धमा ३८ अर्ब अमेरिकी डलर खर्च भइसकेको अनुमान सार्वजनिक गरेको थियो । युद्धको तीव्रता कायम रहेमा हरेक महिना करिब ३ अर्ब अमेरिकी डलर वा त्यसभन्दा बढी खर्च हुन सक्ने पनि कार्यालयले जनाएको थियो ।

**हतियारमा मात्रै २८ अर्ब १० करोड डलर खर्च**

पछिल्लो विवरणअनुसार अमेरिकी सेनाको कुल खर्चमध्ये सबैभन्दा ठूलो हिस्सा हतियार तथा क्षेप्यास्त्रमा भएको छ । हतियारको खर्च मात्रै २८ अर्ब १० करोड अमेरिकी डलर पुगेको छ ।

अगस्ट १ सम्मको अघिल्लो अनुमानमा हतियारका लागि २१ अर्ब ७० करोड डलर खर्च भएको उल्लेख थियो । त्यसको तुलनामा पछिल्लो अनुमानमा हतियारको खर्च ६ अर्ब ४० करोड डलरले बढेको छ ।

यसले युद्धका क्रममा अमेरिकी सेनाले महँगा क्षेप्यास्त्र तथा अन्य सैन्य सामग्रीको ठूलो परिमाणमा प्रयोग गरिरहेको देखाउँछ ।

**क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीमा दबाब**

पछिल्लो विवरणमा अमेरिकी सेनाले सबैभन्दा बढी प्रयोग गरिरहेका हतियारमध्ये प्रतिरक्षात्मक क्षेप्यास्त्र पनि प्रमुख रहेको उल्लेख छ । विशेषगरी शत्रुका क्षेप्यास्त्र रोक्न प्रयोग हुने प्याट्रियट र थाड प्रणालीका क्षेप्यास्त्रको माग बढेको छ ।

युद्धका कारण अमेरिकी क्षेप्यास्त्र भण्डारमा समेत दबाब परेको अमेरिकी अधिकारीहरूले बताएका छन् । युरोपमा अमेरिकी तथा उत्तर एट्लान्टिक सन्धि सङ्गठनका अधिकारीहरूले क्षेप्यास्त्र प्रतिरोधी प्रणालीको अभावलाई अत्यन्त गम्भीर अवस्थामा पुगेको बताएका छन् ।

साउदी अरबमा पनि यस्ता प्रतिरक्षात्मक क्षेप्यास्त्रको भण्डार घटिरहेको र क्षेत्रीय तथा पश्चिमी सहयोगी राष्ट्रहरूसँग थप सहयोग मागिएको विवरणमा उल्लेख छ ।

**युद्ध सञ्चालनमा पनि ठूलो खर्च**

अमेरिकी सेनाले सांसदहरूलाई दिएको एक पृष्ठको विवरणमा युद्धका क्रममा प्रयोग भइरहेका युद्धपोत, विमान र सैन्य अखडाको सञ्चालन खर्च पनि समावेश गरिएको छ ।

त्यसैगरी, युद्धका क्रममा क्षतिग्रस्त वा नष्ट भएका सैन्य उपकरणको लागत तथा घाइते सैनिकको उपचारमा लाग्ने खर्चसमेत कुल अनुमानमा समेटिएको छ ।

तर, अमेरिकी सेनाका मध्यपूर्वस्थित सैन्य अखडामा इरानले गरेको क्षतिको सम्पूर्ण लागत भने पछिल्लो अनुमानमा समावेश गरिएको छैन ।

**मध्यपूर्वका अमेरिकी सैन्य अखडामा क्षति**

अमेरिकी रक्षा मन्त्रालयका महानिरीक्षकको पछिल्लो प्रतिवेदनअनुसार इरानी क्षेप्यास्त्र तथा ड्रोन आक्रमणबाट मध्यपूर्वका विभिन्न अमेरिकी सैन्य अखडामा सयौं भवन तथा अन्य संरचना क्षतिग्रस्त वा नष्ट भएका छन् ।

कुवेत, बहराइन, कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, इराक, ओमान र जोर्डनस्थित अमेरिकी सैन्य संरचनामा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ । यी संरचनामा भएको क्षतिको सम्पूर्ण आर्थिक मूल्य भने ४३ अर्ब ६० करोड डलरको पछिल्लो युद्ध खर्च अनुमानमा समावेश नभएको बताइएको छ ।

**अमेरिकी सैनिकको मृत्यु र घाइतेको सङ्ख्या**

अमेरिकी रक्षा मन्त्रालयको तथ्याङ्कअनुसार युद्धका क्रममा हालसम्म १८ अमेरिकी सैनिकको मृत्यु भएको छ भने ८३० भन्दा बढी सैनिक घाइते भएका छन् ।

यसले युद्धको आर्थिक लागतसँगै मानवीय क्षति पनि उल्लेखनीय रहेको देखाउँछ ।

**थप बजेटको माग**

युद्धको खर्च बढ्दै गएपछि अमेरिकी सरकारले सैन्य बजेट र युद्ध सञ्चालनका लागि थप रकमको व्यवस्था गर्नुपर्ने अवस्था आएको छ ।

अमेरिकी प्रशासनले ९५ अर्ब अमेरिकी डलरको थप बजेट प्याकेजका लागि संसद्सँग अनुरोध गरेको छ । यसबाट इरान युद्ध तथा अन्य रक्षा प्राथमिकताका लागि खर्च जुटाउने योजना रहेको बताइएको छ ।

यसैबिच अमेरिकी प्रशासनले आगामी वर्षका लागि १.५ ट्रिलियन अमेरिकी डलरको सैन्य बजेट प्रस्ताव अघि सारेको छ ।

**युद्धको आर्थिक प्रभाव अमेरिकाभन्दा बाहिर पनि**

इरान युद्धको प्रभाव अमेरिकी सैन्य खर्चमा मात्र सीमित छैन । युद्धले तेलको मूल्य, अन्तर्राष्ट्रिय बजार तथा क्षेत्रीय व्यापारमा समेत असर पारेको छ ।

विशेषगरी होर्मुज जलडमरूमध्य तथा लाल सागर हुँदै हुने ऊर्जा र व्यापारिक ढुवानीमा अवरोध उत्पन्न हुँदा विश्वव्यापी अर्थतन्त्रमा थप दबाब पर्न सक्ने अमेरिकी कङ्ग्रेसनल बजेट कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार युद्धका कारण तेल तथा प्राकृतिक ग्यासको ढुवानीमा आएको अवरोधले आगामी वर्षको सुरुआती महिनासम्म अमेरिकी मुद्रास्फीतिमा समेत प्रभाव पार्न सक्ने अनुमान गरिएको छ ।

**युद्ध लम्बिँदै जाँदा खर्च थप बढ्ने**

अमेरिकी कङ्ग्रेसनल बजेट कार्यालयले युद्धको तीव्रता कायम रहेमा हरेक महिना करिब ३ अर्ब अमेरिकी डलर वा त्यसभन्दा बढी थप खर्च हुन सक्ने अनुमान गरेको छ । त्यसैले युद्धको अवधि र सैन्य कारबाहीको तीव्रताअनुसार अमेरिकी आर्थिक भार अझ बढ्न सक्ने देखिएको छ ।

सेप्टेम्बर ३ सम्मको ४३ अर्ब ६० करोड अमेरिकी डलरको खर्चले फेब्रुअरी २८ मा सुरु भएको सैन्य सङ्घर्षको केही महिनामै अमेरिकी सरकारमाथि परेको ठूलो आर्थिक भारलाई देखाएको छ ।

हार्दिक समवेदना

जन्म
१९८८/०८/१५



स्वर्गारोहण
२०८३/०६/०३

स्व. दिलमाया भोयद्यो

यस क्लबका संस्थापक अध्यक्ष रोसन भोयद्योकी पितामही **दिलमाया भोयद्यो** ब्रह्मलीन हुनुभएकोले मृतक आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**प्रिसिडेन्ट बुद्धिकुमार मुस्याख्व**
तथा
**लायन्स क्लब अफ भक्तपुर रियर टेक परिवार**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा